नेपालको इतिहासमा पहिलो र एकमात्र ज्योतिष समाचारमूलक साप्ताहिक पत्रिका "ज्योतिष भविष्यवाणी" खोजी-खोजी पढौं।
पत्रिका पाइने ठाउँ
ज्योतिष भविष्यवाणी राष्ट्रिय साप्ताहिक
पोखरा-२, अर्चलबोटचोक, नेपाल।
मोवाइल नं.९८५६०२०९१४

Jyotish Bhabishyawani Weekly ज्योतिष विधामा आधारित राष्ट्रियस्तरको एकमात्र अखबार

राष्ट्रिय साप्ताहिक

जि.प्र.मोरङ/कास्की द.नं.:११५/२०५५

# ज्योतिष भविष्यवाणी

वर्ष १५ अङ्क २१ २०६९ भाद्र २१ गते, बिहीबार 6, Sep. 2012 मूल्य रु. १०/-

के तपाईंले प्रत्येक बिहीबार प्रकाशित "ज्योतिष भविष्यवाणी" (साप्ताहिक) पढ्नुभयो ? खोज्दा नपाइएमा हाम्रो इन्टरनेट ठेगाना www.jbweekly.com, www.Facebook.com/jbweekly बाट Sagarmatha अथवा Himalb Font डाउनलोड गरी हेर्न सक्नु हुनेछ।
संस्थापक/सम्पादक
डा. बलराम उपाध्याय रेग्मी
ज्योतिष भविष्यवाणी, नेपाल।
मोवाइल नं. ९८५६०३०९१४


## मंगलचौथीको पूजा गर्न भीड



**मेरो श्रीमान् दीर्घायू होऊन** : मंगलचौथीको अवसरमा गत मंगलबार पोखराको विन्ध्यवासिनी मन्दिरमा पूजा गर्दै महिलाहरू। तस्वीर : हरि पन्त/ज्यो.भ.

✍**हरि पन्त**

**पोखरा** : नेपालमा धर्म निरपेक्षता घोषणा भएको पनि ४ वर्ष बितिसकेको छ। यसको विरोधमा आन्दोलन जारी छ। त्यो आन्दोलनले कुनै सार्थकता पाउन सकेको भने छैन।

धर्म निरपेक्षता घोषणा गर्ने नेताहरूले मंगलबार पोखराको विन्ध्यवासिनी मन्दिर आएर हिन्दू धर्मावलम्वी महिलाको आस्था हेरेर भावना बुझेको भए निर्णय गर्दा गल्ती भएछ भनेर माफी माग्दै निर्णय फिर्ता गर्न तिनै नेता बाध्य हुने थिए होला।

मलमासको समय परेता पनि मंगलचौथी व्रतगरी पूजा गर्ने महिलाको जमात मंगलबार पोखराको विन्ध्यवासिनी मन्दिरमा ठूलै थियो।

मलमासको समय भएता पनि यति धेरै महिला मंगलचौथी पूजामा सहभागी हुनु धर्मप्रति असाध्यै ठूलो आस्था हो मंगलचौथी पूजा गराउने पण्डित स्वयम्प्रकाश अधिकारी बताउनुहुन्छ। पोखराको विन्ध्यवासिनी मन्दिरमामात्र गत वर्षहरूमा मंगलचौथीका दिन करिब ३ हजार महिला व्रतालु आएर पूजा गर्ने गरेको तर अहिले मलमास परेका कारण केही घट्न पुगेको विगत आठवर्षदेखि मंगलचौथी पूजा गराउँदै आउनुभएका पण्डित अधिकारीको भनाइ छ।

विन्ध्यवासिनी मन्दिरमा विशेषगरी कास्की, स्याङ्जा,

बाँकी ५ पेजमा...

## भगवान गणेशले दिनुभयो पोखरेलीलाई पुत्र

✍**सम्पादकको कलमबाट**

**पोखरा** : धार्मिक आस्था, कर्मको राम्रो या नराम्रो प्रभावको वैज्ञानिक पुष्टि नभएका भए लाखौं वर्षदेखि धर्मलाई कसले जोगाउन सक्थ्यो र ? 'धर्मो रक्षति रक्षितः' हामीले धर्मलाई जोगायौं भने धर्मले पनि हामीलाई रक्षा गर्ने हो।

भगवान वेदव्यासले रचेका अठारै पुराण, उप-पुराणमध्ये गणेश पुराण एउटा महत्वपूर्ण पुराण हो। भगवान गणेशको आराधना गरेर मुक्ति पाउन गणेश पुराणको कथा गर्छन कसैले, अर्काथरी छोरा नहुनेले शीघ्र छोरा होस् भनेर पनि गर्ने गरिन्छ गणेश पुराण। पोखरेली एकजना व्यवसायीको छोरा थिएन, छोरीमात्र थिए। संयोगले पोखराको रामघाट नजिकै युनिसेफ कार्यालय अगाडि प्रेम कुमारी गुरुङको घरमा पर्वते ज्योतिषी केही दिनदेखि डेरा गरी बसेका थिए। यो नौलो ज्योतिषी कस्तो रहेछ पोखरेली व्यवसायी भेट्न गए।

ती ज्योतिषीले व्यवसायीको चिना, हात गहिरो गरी हेरेर निष्कर्ष निकाल्दै भने-'तपाईंको जन्म-कुण्डलीमा मंगल ग्रह कमजोर अवस्थामा छ। श्रीमतीको जन्म-कुण्डलीमा पनि मंगल ग्रह मजबुद छैन। त्यसकारण छोरा हुन कठिन भएको हो। व्यवसायीले भने-'यो खराब मंगलको उपाय पनि त होलानि गुरु !' पर्वते ज्योतिषीले भने-'खराब ग्रहको वैज्ञानिक ग्रह शान्ति पनि गराउने, गणेश पुराण पुस्तक पनि दान गर्ने। त्यस्तै तपाईंको सूर्य ग्रह

बाँकी ५ पेजमा...

### अधिकारी जोडीको नाममा गणेश पुराण पाठ

'मनसा चिन्तनं कार्यं वचसा न प्रकाशयत्' मनमा यो कार्य गर्छु भनेर सोचियो भने मुखले त्यो कुरा प्याच्च भन्दै हिंड्नु हुँदैन। भन्यो भने त्यो काम पूरा नहुन पनि सक्छ। कामले देखाउने बानी गर्नुपर्छ, भन्दै हिंड्नु जरुरी छैन-धर्मशास्त्र भन्छ। सयौं, हजारौं निःसन्तानको उपाय गऱ्यो, काम बनेपछि आँफैले सन्तान पाएको त होनि-सन्तान भएपछि व्यक्तिहरू त्यस्तो सोच्ने गर्छन्। त्यसकारण 'ज्योतिष भविष्यवाणी'ले एउटा नौलो प्रयोग शुरु गरेको छ-धार्मिक तथा ज्योतिषीय समाचार शुरुमा पनि दिने, काम सफल भएपछि पनि दिने। यसैक्रममा पोखरा बैदाम निवासी सोमनाथ/ललना अधिकारी जाडीको नाममा विगत ६ महिना यता नित्य गणेश पुराणको पाठ दैनिक एक अध्यायको दरले ज्योतिष भविष्यवाणीमा भैरहेको छ। श्रीमान् सोमनाथ विदेश छन्, श्रीमती बैदाममा। छोरा नभएकै कारण सोमनाथ र उनकी श्रीमती ललना चिन्तित् थिए। गणेश पुराणको पाठ आगामी आश्विन पहिलो साता पूरा हुँदैछ। ज्योतिष भविष्यवाणी विश्वस्त छ सोमनाथ/ललना जोडीलाई पुत्र प्राप्ति हुन्छ हुन्छ।

### लेखेको पाइयो, देखेर भएन

भारत उत्तर प्रदेशका एक जोडी दम्पतिका नाममा गणेश पुराण दान गरिएकोमा छोरी जन्मेको समाचार प्राप्त भएको छ। केही नहुनुभन्दा छोरी भएपनि हामी सन्तुष्ट छौं ती जाट् दम्पतिको भनाइ छ। त्यस्तै श्रीमान्-श्रीमतीको भाग्यमा सन्तान नै नभएपछि पर्वत, खुर्कोट-४ का हर्कमानको भाग्यमा जेठी श्रीमतीबाट छोरा-छोरी हुँदैन अर्को विवाह गरेमात्र हुन्छन् पर्वते ज्योतिषीले भनेका थिए। हर्कमान पत्नी गोरिनीले 'म आँफै छोरा-छोरी पाएर देखाइदिन्छु। यस्ता पनि ज्योतिषी हुने ? हाम्राँकालाई अर्को विवाह गर्न लाउने ?' भन्दै थिइन। उमेरले ५५ काट्यो। एउटै छोराछोरी अझै भएको छैन।

## ज्योतिष भविष्यवाणीको वेवसाइट लोकप्रिय

✍**ज्यो. सीता रेग्मी**

**पोखरा** : नेपालको एकमात्र र पहिलो ज्योतिष समाचारपत्र ज्योतिष भविष्यवाणी राष्ट्रिय साप्ताहिकको वेवसाइट विश्वका आम नागरिकमाँझ लोकप्रिय हुँदै गएको छ। ज्योतिष भविष्यवाणी राष्ट्रिय साप्ताहिकको नेपाली र अंग्रेजी दुवै संस्करण वेवसाइट मार्फत पढ्नेमा विश्वका दश उत्कृष्ट राष्ट्रमध्ये नेपाल अग्रपंक्तिमा रहेको मोटिगो वेवस्ट्राटले जनाएको छ।

विश्वको एक हजार वेवसाइटमध्ये १०३औं स्थानमा रहेको ज्योतिष भविष्यवाणी राष्ट्रिय साप्ताहिक नेपाली संस्करण विश्वका ६१ हजार ५ सय ८० जना व्यक्तिले अध्ययन गरेका छन्, जसमा १३ हजार ३ जना नेपालीले अध्ययन गरेको मोटिगो वेवस्ट्राटले जनाएको छ। जसअनुसार युनाइटेड स्टेट अमेरिका दोस्रो स्थानमा रहेको छ। ज्योतिष भविष्यवाणी नेपाली संस्करण ९ हजार ५ सय ५३ जना अमेरिकी नागरिकले अध्ययन गरेका छन्।

त्यसैगरी कतारले ७ हजार ३ सय ८९, कोरिया ४ हजार १ सय ४६, युनाइटेड अरब इमिरेट्स ३ हजार ९ सय ९०, जापान ३ हजार ४ सय ५६, युनाइटेड किङ्डम् ३ हजार ३ सय २५, हङ्कङ् १ हजार ६ सय, इजरायल १ हजार ५ सय ६८, अस्ट्रेलिया १ हजार १ सय ३९ जना व्यक्तिले अध्ययन गरेका

बाँकी ५ पेजमा...


विवाह, ब्रतबन्ध, पास्नी, जन्मदिन, ढिकुटी पार्टी, वार्षिक साधारण सभा, बैठक, सेमिनार, प्रशिक्षण आदि कार्यक्रमको लागि पोखरामा सर्वाधिक उपयुक्त स्थान

उपलब्ध सेवाहरू:
- पोखरामा सबैभन्दा ठूलो पार्किङ एरिया
- अत्यन्त सुपथ दरमा तीन तारे होटलको सेवा उपलब्ध
- ठूला बाल्कोनी सहितको विशाल तथा आरामदायी कोठाहरु
- सबै कोठाहरूबाट हिमाल छर्लङ्ग देखिने
- २ वटा स्वीमिङ्ग पुल
- २० देखि २५० जनासम्म अटाउने ३ वटा हलहरू
- निःशुल्क वाईफाईको सुविधा
- आकर्षक गार्डेन तथा पर्याप्त हरियालीसँग आत्मीय कर्मचारीहरू



होटल फेवा प्रिन्स प्रा. लि.
चाउथे, कुँडहर
'The Most Spacious Hotel in Pokhara'
फोन: ०६१-५२४७०१, ५२७९५२
मो. ९८५६०२८६१८
फ्याक्स: ०६१-५२४८८१
E-mail : fprince_pkr@wlink.com

# सम्पादकीय

## बि.बि.सि.ले पनि बुझेको रहेनछ संस्कृत भाषाको महत्व

सम्यक प्रकारले संस्कारित परिमार्जित भाषा हो संस्कृत भन्ने कुरा अहिलेका कम्प्युटर विशेषज्ञले पुष्टि गरेका छन् । कम्प्युटर सफ्टवेरमा संस्कृत भाषाको प्रयोग सबैभन्दा वैज्ञानिक हुने कम्प्युटर विशेषज्ञको धारणा आइसकेको छ । यो संसारको सृष्टि गरेका जति वर्ष भए होलान् त्यति नै पुरानो छ संस्कृत भाषा, जसको प्रमाण छन् ऋक, यजु, साम, अथर्ववेद । यो विश्व ब्रह्माण्डको प्राचीनतम् कथा हो वेद, इतिहास हो वेद । वेद भनेको ज्ञानको भण्डार हो, जो छापा र लिखित भन्दा पनि आकाशवाणीको माध्यमबाट प्रवाहित हुँदै आज छापा रुपमा विश्वव्यापी फैलिएको छ । चार वेदमध्ये पहिलो ऋकवेदका मात्र २१ शाखा रहेका छन् । यजुर्वेदका दुई भाग छन् शुक्ल र कृष्ण । यी दुवै वेदका अरु १०१ शाखा छन् । त्यस्तै सामवेदका एक हजार शाखामध्ये हाल तीन शाखा ज्यादा प्रचलनमा रहेका छन् । अथर्ववेदमा ९ देखि १५ शाखा रहेको पाइएको छ । वेदका पनि थप ६ अङ्ग रहेका छन् ती हुन् (१) शिक्षा (२) व्याकरण (३) कल्प (४) ज्योतिष (५) पुराण (६) धर्मशास्त्र क्रमशः रहेका छन् । संस्कृत भाषा विश्वको सबैभन्दा धनि, सम्पन्न भाषा हो, जसको तुलना अन्य कुनैपनि भाषासंग गर्नै मिल्दैन । संस्कृत देववाणी हो जो कालान्तरमा लिखित रुपमा आयो । यस अर्थमा विश्वका पवित्रतम् भाषामध्ये संस्कृत विशिष्ट भाषा हो । संस्कृत भाषामा लिपिवद्ध आयुर्वेद चिकित्सा होस् अथवा ज्योतिष, धर्मशास्त्र होस् वा न्यायशास्त्र, छन्द होस् अथवा संहिता सबैका स्रोत संस्कृत भाषा नै हुन् । संस्कृत भाषालाई ज्ञानगंगा भन्न सकिन्छ । अरु भाषाका एक सिङ्गो ग्रन्थले भन्न नसकेको तथ्यलाई संस्कृत भाषाले दुई पंक्तिमा संसार भरको सत्य–असत्य कुरालाई प्रकाश पार्न सक्षम छ । संस्कृत सूत्रात्मक भाषा हो, अनुभवको भण्डार हो, बेजोड ज्ञानको सहस्त्र धारा हो, जीवन, जगत, जन्मदेखि मृत्यु पर्यन्त मानव जातिका सुख, दुःख सबै पक्षको ज्ञान संस्कृत भाषामा पाइन्छ । विमान बनाउने कलादेखि यौनशास्त्र अथवा कोकशास्त्रसम्मको ज्ञान संस्कृत भाषामा छ । संस्कृत भाषाको उद्गम थलो भगवान शिवजीको डम्मरु हो, जसबाट चौध सूत्रको उत्पत्ति भयो, जसलाई पाणिनी, कात्यायनी पतञ्जली जस्ता भाषा वैज्ञानिकले विस्तृत रुपमा व्याख्या गरे ।

जसले संस्कृत भाषाको राम्रो अध्ययन गरेको छ, उसको पहुँच सम्पूर्ण शिक्षामा हुन्छ । जसलाई संस्कृत भाषा आँउदैन ज्ञानको मामलामा उसलाई बदामको बोक्रो मान्दा अतिशयोक्ति हुँदैन । संस्कृत भाषा हजारौं, लाखौं व्यक्तिको भोगाई, अनुसन्धानको परिणाम हो भने अन्य भाषा संचारका माध्यम हुन् । संस्कृत भाषा ज्ञान, दर्शन, धर्म, अर्थ, काम, मोक्ष सबै प्रदान गर्न सक्षम छ भने अन्य भाषा मौखिक तथा लिखित संचारका माध्यम हुन् । जन्मदेखि मृत्युपर्यन्त मानवजीवनका जुनसुकै कर्मका लागि आवश्यक छ संस्कृत भाषा । जवकि अन्य भाषाको आवश्यकता बोल्न, लेख्न र जागीर व्यवसायमा सीमित छन् । वेद, अठार पुराण, ज्योतिष, कल्प, निरुक्त, छन्द, संहिताशास्त्र एकातिर अन्य सम्पूर्णशास्त्र एकातिर तौलंदा संस्कृत भाषाको तौल लाखौं गुणा बढी हुन्छ । त्यसकारण संस्कृत भाषाको ज्ञान जुनसुकै जातजातिले गर्नु भनेको विशिष्ट मानव हुनु हो । डा.स्वामी प्रपन्नाचार्य जातले राई हुनुहुन्छ तर वेद विषयमा सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी भारतबाट विद्यावारिधि गरेकाले उहाँलाई भेट्ने व्यक्तिले गोडामा ढोग्ने गर्दछन् । यसबाट पुष्टि हुन्छ संस्कृत भाषा पढेको व्यक्ति चोखो हुन्छ, पवित्र हुन्छ, आचरणनिष्ठ हुन्छ । नेपालको इतिहासमा महान विद्वान योगीनरहरिनाथ वास्तवमा थापा जातका व्यक्ति थिए । तर संस्कृत भाषाको अध्ययन, इतिहास अध्ययन अनुसन्धान तथा सन्यास आश्रम अनुकुल आचरण भएकाले आजीवन उहाँलाई भेट्नेले गोडामा ढोग्थे । यसबाट बुझ्नुपर्दछ संस्कृत भाषा कुनै जातजातिको पेवा होइन, जाँगर, जिज्ञासा भए जो सुकैले सिक्न सकिन्छ भन्ने प्रमाण डा. स्वामी प्रपन्नाचार्य र स्व. योगिनरहरिनाथ होइनन् र ? संस्कृत भाषा मृतक भाषा हो भन्ने अज्ञानीले राउटे भाषालाई त्यसो भनेको पाईदैन । नेपालमा नै एकजनालेमात्र बोल्ने तनहुँका कुसुन्डा मामाको भाषालाई पनि कसैले मृतक घोषणा गरेको छैन भने बजारमा किनमेल गर्दा, लेनदेन व्यवहार बाहेक विहान उज्यालो भएदेखि राति सुत्दासम्म दैनिक व्यवहारमा आउने भाषा संस्कृत कसरी मृतक भाषा हुन सक्दछ ? नेपालका सम्पूर्ण विश्वविद्यालयले उत्पादन गरेका डिग्रीधारी लाखौंको संख्यामा बेरोजगार छन् नेपाल संस्कृत विश्वविद्यालय दाङको कुनैपनि परीक्षा उत्तीर्ण विद्यार्थी बेरोजगार छैन ।

नेपाली समाजलाई संस्कृत पढेको दक्ष जनशक्ति आवश्यकता जति अझै पुग्न सकेको छैन । कसैले संस्कृत भाषालाई कर्मकाण्डमा सीमित देखेका छन्, त्योमात्र पनि सत्य कुरा होइन । समाजशास्त्र, इतिहास, अंग्रेजी विषय कर्मकाण्ड कार्यमा काम लाग्दैनन् तर संस्कृत भाषा व्यक्तिको जन्मदेखि मृत्युपर्यन्त काम लाग्दछ यहि नै यसको विशेषता हो । आज जर्मनी, अमेरिकामा संस्कृत भाषाप्रति निरन्तर चाख बढिरहेको पाइएको छ । हाम्रो नेपाल, भारत, दक्षिण एशियाली आम जनतालाई अंग्रेजीको मोह जागेकोछ भने पश्चिमेलीलाई संस्कृत भाषाप्रति गहिरो रुचि जागेको कुरा बि.बि.सि. नेपाली सेवा किन खोज्दैन ? नेपाल संस्कृत विश्वविद्यालयका सातवटा आंगिक क्याम्पस कूल चारहजार जति विद्यार्थी संस्कृतका भएपनि नेपालका चारहजार गा.वि.स.लाई पुग्ने दक्ष संस्कृतज्ञ अझै पुग्न सकेको छैन । सोह्र श्राद्धको समयमा एउटा पुरोहितले एउटा गा.वि.स.को एउटा वडाको समेत माँग पूरा गर्न सक्दैन । एकजना दक्ष पुरोहितले पाँचवटा भन्दा ज्यादा श्राद्ध कर्म एक दिनमा गराउन सक्दैन भने समग्र नेपाललाई कति संस्कृत पढेका पुरोहितको आवश्यकता होला ? संस्कृत पढेका व्यक्ति परिआए कर्मकाण्ड गराउन सक्छन्, पुस्तक, पत्रपत्रिकाको शुद्धाशुद्धि हेर्न प्रथम श्रेणीका हुन्छन् । संस्कृत भाषाका प्राध्यापक, संस्कृत पत्रपत्रिकाको संवाददाता, सम्पादक, स्तम्भकार हुन सक्छन् । रेडियो, एफ.एम.मा संस्कृत समाचार संयोजक, प्रस्तोता हुन सक्छन् । पुराणवक्ताको रुपमा मेचीदेखि महाकालीसम्म होइन अमेरिकासम्म पुगेर पुराण वाचन गरी लाखौं, करोडौं कमाउन सक्छन् भन्ने प्रमाण डा. टीकाराम पन्थी, प्रा.डा.वेणीमाधव ढकाल, स्व. पं. नारायणप्रसाद पोखरेल, उहाँका पुत्र पं. दीनवन्धु पोखरेल, सुश्री तारा घिमिरे, पं. कमलनयन गौतम, पं. ऋषिराम पौडेल लगायत सयौं, हजारौं विद्वान यो देशमा छन् जसले लाखौं जनता हाँकेका छन् संस्कृत भाषा र ज्ञानकै बलमा । पञ्चाङ्ग प्रकाशनको काम पनि संस्कृत भाषाकै हो । नेपालका दश जना पञ्चाङ्गकारले नेपालका तीन करोड, भारतका त्यति नेपाली भाषीलाई पञ्चाङ्ग मार्फत सेवा गरिरहेका छन् । दशजना पञ्चाङ्गकार ६ करोड जनसंख्या हाँक्दै छन् । हामी ज्योतिष पत्रकारिता जो संस्कृत भाषाको अभिन्न अङ्ग हो यसैमार्फत www.jbweekly.com www.facebook.com/jbweekly मार्फत विश्वका एकलाख भन्दा ज्यादा पाठकलाई साप्ताहिक रुपमा नेतृत्व गरिरहेका छौं भने संस्कृत भाषा कसरी मृतक ? कसरी अनुपयोगी, कसरी बाहुनवादी, कसरी लोकल, कसरी कर्मकाण्डमा सीमित छ ? बि.बि.सि. नेपाली पत्रकारले गम्भीरतापूर्वक सोचिदिनुपर्‍यो । हल्का ज्ञान, सूचनाको भरमा 'आजको सवाल' मा भन्ने शीर्षक मार्फत संस्कृत भाषालाई होच्याउने हर्कत गर्नुभएन । बि.बि.सि.का श्रोता हामी संस्कृत भाषी, संस्कृत प्रेमी पनि त्यत्तिकै छौं । संस्कृत भाषा पढेर एक्लै विश्व हाँकी रहेका व्यक्तिबारे बि.बि.सि.को ध्यान किन जाँदैन ? नेपालको काठमाडौंमामात्र सीमित बि.बि.सि.को आजको सवाल किन पोखरा, विराटनगर, पाल्पा, बुटवल, नेपालगञ्ज, धनगढीलाई खोज्दैन जहाँ संस्कृत भाषाका विद्वान बि.बि.सि.लाई संस्कृतको महत्व बताउँन सक्दछन् ।

# राष्ट्रिय धर्मसभाले रथारोहण गर्ने

**ज्योतिष भविष्यवाणी**

**काठमाडौं** : राष्ट्रिय धर्मसभा नेपालको केन्द्रीय बैठक मंगलबार काठमाडौंमा सम्पन्न भएको छ ।

धर्मसभा नेपालका संस्थाक तथा केन्द्रीय अध्यक्ष प्रा.डा. माधव भट्टराईको अध्यक्षतामा सम्पन्न बैठकले आगामी असोज ३ गते पर्न गएको गणेश चौथीका दिन काठमाडौंमा भव्य गणेश पूजा तथा रथारोहण गर्ने निर्णय गरेको केन्द्रीय सदस्य रामनाथ अधिकारी 'संगी'ले जानकारी दिनुभयो ।

वि.सं. २०६५ सालमा देशको धर्म, संस्कृति, रीतिरिवाज र परम्परा जोगाउने उद्देश्यले स्थापना गरिएको राष्ट्रिय धर्मसभा नेपालले नेपालमा घोषणा भएको धर्म निरपेक्षता विरुद्ध आन्दोलन गर्दै आइरहेको छ ।

# सम्पादकलाई पत्र

ज्योतिष भविष्यवाणी (साप्ताहिक) पत्रिका विगत एक वर्षदेखि म नियमित पढ्दै आएको छु । म एक औषधी व्यवसायी भएको नाताले मेडिकल क्षेत्रका उपयोगी समाचार पनि यसमा समेट्न सक्नुभएमा अवश्य पनि विशेष खुशी लाग्नेछ । म एउटा सचेत पाठकको नाताले तपाईंसमक्ष निम्न सुझाव राख्न चाहन्छु अन्यथा नमानी लागू गर्नुभएमा पत्रिका सबैका लागि अझै लोकप्रिय हुनेछ ।

(१) पहिलो पृष्ठमा ज्योतिष, धार्मिक समाचारलाई पहिलो प्राथमिकताका साथ दिइयोस, अन्य पत्रिकामा प्रकाशित समाचार ज्योतिष भविष्यवाणीमा प्रकाशित नगर्नु नै उचित हुन्छ । (२) सकभर ज्योतिष विषयक सामाग्रीलाई ज्यादा भन्दा ज्यादा महत्व दिनुभएमा राम्रो हुन्छ । (३) देश धर्म निरपेक्ष भैसकेकोले हिन्दूधर्म धर्मावलम्वी बाहेक अन्य धर्मका बारे पनि दिनुभएमा राम्रो हुनेछ । (४) अन्तिम पृष्ठका सामाग्री साप्ताहिक दैनिक तथा रात्रि शुभ समय कार्यतालिका, तपाईंको यो साता (साप्ताहिक राशिफल), साप्ताहिक साहित, दैनिक राहुकाल यी सामाग्री अत्यन्तै उपयोगी छन् । अन्तिम पृष्ठमा दिंदै आएका सामाग्रीलाई निरन्तरता दिनु भएमा हामी सबैको आवश्यकता र माँगलाई पत्रिकाले कभर गर्न सक्दछ भन्ने मलाई लाग्दछ ।

आसबहादुर पुन
हिमालयन फार्मेसी
पोखरा–२, अर्चलबोटचोक

# ज्योतिष भविष्यवाणीका सेवाहरू

१. भर्खरै जन्मेका बच्चा/बच्चीको हालसम्म चिना जन्मकुण्डली बनेका छैनन् भने यहाँ नयाँ चिना बनाइन्छ ।
२. पुराना कच्चा कागजमा बनेका, फाटेका धुजा हुन लागेका वा मेटिन लागेका चिना फेरि नयाँ बनाइन्छ ।
३. चिना र हस्तरेखाबाट तुलनात्मक अध्ययन गरी शतप्रतिशत भूत, वर्तमान, भविष्यका बारेमा लिखित ग्यारेण्टी तथा अडियो क्यासेटमा रिकर्ड गरी भविष्यवाणी गरिन्छ ।
४. ज्योतिष व्यवसायी तालिम संस्थागत तथा पत्राचार, टेलिभिजन तथा रेडियोमार्फत दिइने व्यवस्था चलिरहेको छ ।
५. ज्योतिष चिकित्सा परामर्श सेवा नियमितरूपमा संचालित छ । अन्यत्रको उपचार नलागेका व्यक्तिहरू सम्पर्क गरी सो सेवा लिइरहनुभएको छ ।
६. पुरानाभन्दा पुराना रोग पत्ता लगाइन्छ । ज्योतिष र औषधीको तुलनात्मक उपचारबाट बिरामी ठीक गरिन्छ ।
७. ज्योतिष भविष्यवाणी पत्राचारबाट पनि लेखिपठाउने व्यवस्था छ ।
८. नेपाली कागजमा तथा आधुनिक सर्टिफिकेट मोडलमा छापा विभिन्न २/४/८ कुण्डलीका फर्म यहाँ किन्न पाइन्छ ।
९. ज्योतिष जागरण (मासिक), ज्योतिष भविष्यवाणी (साप्ताहिक), ज्योतिष आवाज (मासिक), स्वयं ज्योतिषी, ज्योतिष वैज्ञानिक उपचार, हाम्रा प्रकाशन खोजी-खोजी पढ्नुहोस् ।
१०. एकसय वर्षका पुराना पात्राहरू चाहिएमा हामी हेर्ने सुविधा दिन्छौं ।
११. रेडियो अन्नपूर्ण ९३.४ पोखराबाट विगत ११ वर्षदेखि नियमित संचालित साप्ताहिक 'ज्योतिष भविष्यवाणी' कार्यक्रम प्रत्येक शनिबार बेलुकी ३:३० बजेदेखि ५ बजेसम्म प्रशारित भइरहेको छ, सुन्दै गर्नुहोला । यस कार्यक्रममा पत्र पठाउँदा कुनै शुल्क लाग्ने छैन ।
१२. प्रत्येक हप्ताको सोमवार बेलुकी ५ देखि ६ बजेबीच धौलागिरि एफ.एम.९८.६ बाग्लुङबाट हाम्रो साप्ताहिक कार्यक्रम 'ज्योतिष जागरण' संचालन भैरहेको छ, सुन्दै गर्नुहोला ।

सम्पर्क ठेगाना

**ज्योतिष भविष्यवाणी**

(राष्ट्रिय साप्ताहिक)

केन्द्रीय स्थायी कार्यालय : खुर्कोट-४, पाङ, पर्वत, धौलागिरि, नेपाल

पत्राचार, संपादन, वितरण, ज्योतिष परामर्श, ज्योतिष उपचार कार्यालय :

पोखरा-२, अर्चलबोटचोक, कास्की, नेपाल पो.ब.नं. 207, पोखरा, नेपाल ।

Phone/Fax - +977-61-540347

Mobile Phone: +977-9856020914, 9856030914, 9726153684 (Direct)

E-mail: jbweekly@fewanet.com.np Website: www.jbweekly.com,

www.Facebook.com/jbweekly

# एमाओवादीको चर्को दवावले आन्दोलन स्थगन

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : एकीकृत नेकपा माओवादीका पूर्व सभासद राजकाजी गुरुङ 'करण', केन्द्रीयस्तरका ठूला नेताको दबाबका कारण अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थल निर्माण कार्य तत्काल थालनी गर्नुपर्ने माग राख्दै पोखरेलीले गरेको आन्दोलन स्थगन गरिएको रहस्य खुल्न आएको छ ।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सरोकार समितिले शुक्रबार गरेको छलफल कार्यक्रममा अधिकांश सहभागीले मन्त्रीको आश्वासनका भरमा एक्कासी आन्दोलन स्थगन गरिनु केही न केही रहस्य लुकेको हुन सक्ने बताएपछि वार्ताका लागि काठमाडौं गएको वार्ता टोलीले एमाओवादीको दवावका कारण आन्दोलन स्थगन गरिएको र दवावकै भरमा सम्पूर्ण आन्दोलन रोकिनु त्रुटी हुन गएको आशय व्यक्त गरेका थिए ।

एमाओवादीले एयरपोर्टको जग्गा सम्याउँदा ५० लाख असुलेको समाचार बाहिर आएपछि एमाओवादीप्रति पोखरेली नकारात्मक बन्दै गएको विश्लेषण गर्दै जारी आन्दोलन स्थगन गर्न र आन्दोलनका थप कार्यक्रमहरु पनि नल्याउन चर्को दवाव दिएको समितिका सदस्यहरुले आशय व्यक्त गरेका थिए ।

विमानस्थल निर्माणका नाममा रकम अशुल्नेलाई छानविन गरी कानूनी कार्वाही गर्न आन्दोलनरत पोखरेली र सम्पूर्ण क्षेत्रबाट दवाव बढेपछि पूर्वसभासद राजकाजी गुरुङ 'करण' र एमाओवादीका कास्की इन्चार्ज झलकपाणि तिवारीसहित केन्द्रीयस्तरका ठूला नेताको चर्को दवावका कारण दुईदिने आमहड्ताल, रिले अनशन लगायत सम्पूर्ण कार्यक्रम स्थगन गरिएको सरोकार समितिका एक सदस्यले जानकारी दिए । सरकारद्वारा १५ दिनभित्र निर्माण कार्य थालिने नभई केही न केही निर्णय गरिने लिखित प्रतिवद्धता आएपछि आमहड्ताल कार्यक्रम रोकी रिले अनशन लगायत अन्य कार्यक्रमलाई निरन्तरता दिने पक्षमा सरोकार समिति रहेको तर पूर्वसभासद राजकाजी गुरुङ 'करण' लगायत अन्य केन्द्रीयस्तरका नेताहरूले सो निर्णयप्रति असहमति जनाउँदै सम्पूर्ण कार्यक्रमहरूलाई स्थगित गराउन दवाव दिएपछि सम्पूर्ण कार्यक्रम स्थगन गरिएको बताइएको छ ।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि चर्को आन्दोलन र समर्थन बढ्न थालेपछि एयरपोर्टको जग्गा सम्याउँदा असुलेको रकम विवादित बन्न पुगेको थियो । सो रकम असुलेको समाचार बाहिर आएपछि एमाओवादीप्रति पोखरेलीको जनसमर्थन गुम्ने डरले आन्दोलनका सम्पूर्ण कार्यक्रमहरूलाई स्थगन गर्न दवाव दिएको बुझिएको छ । कार्यक्रममा सरोकार समितिका सदस्य तथा अन्य बोल्ने सम्बन्धित व्यक्तिहरूले बिहिबार सरोकार समितिले गरेको निर्णय दुर्भाग्यपूर्ण भएको बताएका थिए ।

उनीहरूले जस्तोसुकै दवाव भएपनि आन्दोलनलाई सशक्त बनाई सरकारलाई बाध्य बनाउनुको विकल्प नभएको बताएका थिए ।

त्यसैगरी सरोकार समितिका सदस्य आनन्दराज मुल्मी र पर्यटन व्यवसायी वासु त्रिपाठीले सम्पूर्ण आन्दोलनरत पोखरेलीको धारणा बुझेर अघि बढ्नुपर्नेमा सो कार्य गर्न समिति चुकेको बताउँदै गल्ती हुन गएको बताउनुभयो ।उहाँहरूले पोखरेलीको धारणा बुझी अघि बढ्न नसक्दा समितिप्रति पोखरेलीको विश्वास घट्ने समेत बताउनुभयो ।

कार्यक्रममा सहभागी एक सदस्यका अनुसार बिहिबार काठमाडौंमा भएको वार्तामा पर्यटन व्यवसायी विप्लव पौडेल र पूर्वसभासद राजकाजी गुरुङ 'करण'बीच यसै विषयलाई लिएर चर्काचर्की हुँदा ठूलैरुप लिन खोजेको थियो । यसै विषयलाई पर्यटन व्यवसायी विप्लव पौडेलले पोखरामा जारी आन्दोलनप्रति आमजनताको सहभागिता र समर्थन बढिरहेको बेलामा रोक्न नहुनेमा आफ्नो धारणा रहेको बताउनुभयो ।

# निःशुल्क शिक्षाको व्यवस्था हुनुपर्छः प्रा.डा.प्रधान

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : पोखरा विश्व विद्यालयका डीन प्रा.डा. गीता प्रधानले सरकारले कक्षा १२ सम्म निःशुल्क शिक्षाको व्यवस्था गर्नुपर्ने बताउनुभएको छ । उहाँले महिलाहरूलाई कोटा प्रणालीले अझै पछाडि पार्ने बताउँदै खुल्ला प्रतिस्पर्धाबाट अगाडि बढ्न महिलाहरू नै तैयार हुनुपर्नेमा जोड दिनुभयो ।

मासबार आमा समूह पोखरा–७ को संस्थाको १७औं वार्षिक साधारण सभा तथा 'सम्पूर्ण वडावासी महिलाहरू एकजुट बनौं' भन्ने नाराका साथ आयोजित महिला भेलाको उद्घाटन गर्दै उहाँले सो कुरा व्यक्त गर्नुभएको हो ।

कार्यक्रममा संस्थाका सल्लाहकार तेजनारायण अधिकारीले जवसम्म महिलाहरूको विकास हुँदैन तबसम्म सभ्य समाजको निर्माण हुन नसक्ने बताउनुभयो ।

कार्यक्रममा सल्लाहकारहरू सीता गिरी, सृजना शर्मा, संस्थापक अध्यक्ष कमलादेवी बराल, रेडियो सफलताका प्रवन्ध निर्देशक दुर्गा अधिकारी, शान्ति वातावरण र सुशासनका लागि नागरिक समाजका संयोजक रामबहादुर पौडेल, पुष्पलाल स्मृति पार्कका अध्यक्ष विष्णुमणि बराल, पारालिगल कमिटी पोखरा–७ का उपाध्यक्ष प्रभा पन्त, महिला विकासका लागि मासबार आमा समूहकी अध्यक्ष महाकाली बराल, नमुना आमा समूहका अध्यक्ष कालिका थापा, सुगमगहन मार्ग टोल विकास संस्थाका अध्यक्ष चिन्तामणि शर्मा, संस्थाका उपाध्यक्ष टिकादेवी अधिकारी र सह–सचिव शारदा गिरी लगायतले समाजले महिलालाई अझै थिचोमिचो गर्दै अएकाले एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिनुभएको थियो । संस्थाको १७औं वार्षिक साधारण सभामा संस्थाकी कोषाध्यक्ष कृष्णकुमारी बरालले आर्थिक प्रतिवेदन र सह–सचिव शारदा गिरीले प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । वि.सं.२०५२ सालमा स्थापना भएको मासबार आमा समूहले विभिन्न सामाजिक, विकास निर्माणका कामहरू साथै शिपमुलक तालिमका कार्यक्रमहरू गर्दै आएको छ ।

# 'प्रत्येक घरमा पुस्तकालय बनाउन आवश्यक'

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : पश्चिमाञ्चल क्षेत्रीय प्रशासक नारायण गोपाल मलेगोले प्रत्येक घरको एक कोठालाई पुस्तकालय बनाउन आवश्यक भएको बताउनुभएको छ । पुस्तकालय ज्ञानको भण्डार, सूचनाको स्रोत भएको बताउँदै क्षेत्रीय प्रशासक मलेगोले पुस्तकालयले समाजका सम्पूर्ण क्षेत्रमा चेतना छर्न महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

उहाँले प्रत्येक व्यक्तिको घरमा रक्सी राख्ने एक कोठा छुट्टै भएको तर पुस्तक राख्न अझै नसक्ने बताउँदै पुस्तक राख्ने कोठा बनाउने संस्कृतिको विकास गरेमा समाजमा सकारात्मक सन्देश जाने बताउनुभयो ।

पाचौं पुस्तकालय दिवसको अवसरमा पोखरामा आयोजित कार्यक्रमका प्रमुख अतिथि मलेगोले उत्कृष्ट पुस्तकालय सेवी कृष्णप्रसाद बाँस्तोला र उत्कृष्ट पुस्तकालयकर्मी अर्जुन श्रेष्ठलाई सम्मान गर्दै आँफूले एस.एल.सी. पढ्दासम्म पुस्तकालय नदेखेको तर पछि व्यापक रुपमा विस्तार भएकोले समाजलाई शिक्षित गराउन पुस्तकालयले महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो । उहाँले सार्वजनिक पुस्तकालयलाई कस्तो सहयोग आवश्यक पर्छ त्यसका लागि आँफू तत्पर रहेको बताउनुभयो ।

कार्यक्रममा उत्कृष्ट पुस्तकालय सेवीबाट सम्मानित व्यक्तित्व कृष्णप्रसाद बाँस्तोलाले वि.सं.२०३९ सालमा पुस्तकालय तथा संचारमाध्यममा लगाएको प्रतिवन्ध फुकुवा गरेपछि सरकारले नै व्यापक रुपमा पुस्तकालय स्थापना गर्न दिएकोले पुस्तकालय तथा संचारमाध्यम विकसित भएको बताउनुभयो । सम्मानले आँफूलाई हौसला थपेको बताउँदै जीवनपर्यन्त पुस्तकालय विकासमा सक्रिय हुने प्रतिवद्धता जनाउनुभयो ।

त्यस्तै उत्कृष्ट पुस्तकालय कर्मीबाट सम्मानित अर्जुन श्रेष्ठले सम्मानले आँफूलाई निकै खुशी बनाएको बताउँदै पुस्तकालय विकासमा तन, मन, र धनले लाग्नुका साथै आँफूसंग भएको ज्ञान, शिप र क्षमतालाई पूर्ण प्रयोग गर्ने बताउनुभयो । कार्यक्रममा प्राज्ञ सरुभक्तले पुस्तक सम्वद्ध व्यक्तिहरू सबै एकै ठाउँमा उभिएमा महत्वपूर्ण काम गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

पोखरा सार्वजनिक पुस्तकालयका अध्यक्ष प्रा.डा. विश्व श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा पोखरा उप–महानगरपालिकाका कार्यकारी प्रमुख ताराबहादुर कार्की, कवि अम्बिका भट्टराई, सुरेस रानाभाट लगायतले बोल्नुभएको थियो ।

पुस्तकालय जाऔं, अध्ययन संस्कृतिको विकास गरौं भन्ने मूल नाराका सम्पन्न कार्यक्रममा विभिन्न १० विद्यालयका १० विद्यार्थीहरूले पुस्तकालय सम्बन्धी कविता प्रतियोगितामा सहभागिता जनाएका थिए । सो प्रतियोगितामा सन्तोष गौतम प्रथम, इन्द्रमणि ढुङ्गाना द्वितीय, कपिल सुवेदी तृतीय, निरजबाबु भट्ट र अमृता गौतमले सान्त्वना स्थान हासिल गरेका थिए । विजयी विद्यार्थीलाई जनही क्रमशः ४ हजार, ३ हजार, २ हजार र एक–एक हजारको साथमा प्रमाणपत्रले पुरस्कृत गरिएको थियो ।उक्त कविता प्रतियोगिताको निर्णायकमा कवि अम्बिका भट्टराई र सुरेश रानाभाट रहनुभएको थियो । कार्यक्रम पोखरा सार्वजनिक पुस्तकालयको साथमा कास्कीमा रहेका अन्य १३ वटा पुस्तकालयहरूको आयोजनामा सम्पन्न भएको थियो ।


# पोखरा ज्योतिष महाविद्यालयमा शैक्षिक सत्र २०६९ को भर्ना खुल्यो

विगत कैयौं वर्षदेखि हजारौं तालिम प्राप्त ज्योतिष व्यवसायी जन्माउन सफल, दिल्लीको नेपाल च्याप्टर पोखरा ज्योतिष महाविद्यालय अन्तर्गत ज्योतिष व्यवसायी तालिममा सहभागी हुन चाहने न्यूनतम १०+२ वा सो सरह उत्तीर्ण वा ज्योतिष र कर्मकाण्ड क्षेत्रमा संलग्न भई परम्परागत रुपमा काम गर्दै आइरहेका विशेष गरी शिक्षित बेरोजगार ईच्छुक छात्र/छात्रहरूलाई तुरुन्तै निवेदन दिन यो जानकारी सूचना गरिन्छ । न्यूनतम् २१ जना विद्यार्थी संख्या पुगेमा स्वदेश तथा विदेशका जुनसुकै जिल्ला सदरमुकाम, विकास क्षेत्र, प्रदेश, राजधानीमा पनि यो तालिम दिने व्यवस्था रहेको थप जानकारी गरिन्छ ।

तालिमका सम्पर्क केन्द्र- ज्योतिष भविष्यवाणी (साप्ताहिक) अर्चलबोटचोक (पोखरा-बाग्लुङ राजमार्ग) पोखरा, नेपाल ।
अन्तर्राष्ट्रिय ज्योतिष परामर्श केन्द्र, खुर्कोट-४, पर्वत धौलागिरि, नेपाल

१) तालिमको नाम- आधारभूत ज्योतिष व्यवसायी तालिम (जन्मकुण्डली लेखक) (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि-एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा सात घण्टाको अवधिमा कोर्ष पूरा गरिने) प्रथम चरणको लाग्ने शुल्क रु. ५१०१।- मात्र

२) तालिमको नाम - ज्योतिष भविष्यवक्ता (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (दैनिक १ घण्टा अथवा भर्ना भएको मितिदेखि ७ घण्टा) द्वितीय चरणको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१- मात्र ।

३) तालिमको नाम - हस्तज्योतिष भविष्यवक्ता (पूर्णाङ्क १०० उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) तृतीय चरणको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।-मात्र ।

४) तालिमको नाम - राशिफल लेखक (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०) ।
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) चौथो तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।- मात्र ।

५) तालिमको नाम - ज्योतिष व्यवसायी प्रशिक्षक (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०) ।
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) पाँचौ तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु.५१०१।- मात्र ।

६) तालिमको नाम - ज्योतिष पत्रकारिता (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) छैटौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।- मात्र ।

७) तालिमको नाम - मुहुर्त ज्योतिष विज्ञान (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) सातौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।-मात्र ।

८) तालिमको नाम - ज्योतिष वास्तु विज्ञान (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) आठौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।- मात्र ।

९) तालिमको नाम - रेडियो ज्योतिष पत्रकारिता
तालिमको अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) आठौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।-मात्र ।

१०) तालिमको नाम - टेलिभिजन ज्योतिष पत्रकारिता
तालिमको अवधि- एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) आठौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।-मात्र ।

नेपाल बाहेक जुन देशमा यो ज्योतिष व्यवसायी तालिम दिइनेछ । माथि तोकिएको शुल्क त्यस देशको मुद्रामानै बुझाउनु पर्नेछ, अर्थात माथि तोकिएको शुल्क बराबर अन्य देशको मुद्रा नभई त्यसै देशको मुद्रामा शुल्क लागू हुनेछ ।

पत्राचार अथवा दुरशिक्षा/संस्थागतरुपमा ज्योतिष व्यवसायी तालिम सहभागी हुन चाहने आवेदकले तल तोकिएको सम्पर्क केन्द्रमा स्वयम् सम्पर्क गरी प्रवेश फर्म भर्ने अथवा E-mail: jbweekly@fewanet.com.np मार्फत प्रवेश फर्म झिकाई सो माध्यमबाट नै पठाउन सकिन्छ । तालिम शुल्क राष्ट्रिय वाणिज्य बैंक शाखा महेन्द्रपुल, पोखरा, नेपालको बचत खाता नं. ३४३००९९२८१० मा सिधै जम्मा गरेर अथवा पठाएर मात्रै कक्षामा प्रवेश गर्न पाइनेछ ।

**प्राचार्य**
**पोखरा ज्योतिष महाविद्यालय**
सम्पर्कः ९८५६०२०९१४/०६१-५४०३४७
अर्चलबोटचोक, पो.व.नं.२०७, पोखरा, नेपाल ।
E-mail: jbweekly@fewanet.com.np
Website: www.jbweekly.com

# कानून व्यवसायी अन्तर्क्रिया

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : आगामी पौषमा हुन गैरहेको नेपाल बार एशोसिएशनको महाधिवेशन सन्दर्भ पारी पोखराका कानून व्यवसायी र प्रजातान्त्रिक कानून व्यवसायी संघका केन्द्रीय पदाधिकारीबीच पोखरामा अन्तर्क्रिया कार्यक्रम भएको छ ।

पुनरावेदन अदालत बार एशोसिएशन पोखराका अध्यक्ष अधिवक्ता मुकुन्दराज अर्यालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रजातान्त्रिक कानून व्यवसायी संघका तर्फबाट अध्यक्ष पदका उम्मेदवार अधिवक्ता शेरबहादुर के.सी.ले नेपाल बार एउटा कानून व्यवसायीको जमात हो, कुनै राजनीतिक संस्था नभएकाले राजनैतिक रङ्ग नदिन आग्रह गर्नुभयो । उहाँले आँफू अध्यक्ष पदमा विजयी भएमा नेपालबारमा व्यापक सुधार गर्ने बताउनुभयो ।त्यस्तै कोषाध्यक्ष पदका उम्मेदवार अधिवक्ता मोहन इङ्नामले नेपाल बारको गतिविधि, इज्जत र मर्यादालाई उचाईमा पुऱ्याउने बताउनुभयो । त्यसैगरी महासचिव पदका उम्मेदवार अधिवक्ता सुनिल कुमार पोखरेलले निर्वाचनमा जुन प्यानल विजयी भएपनि मिलेर अघि बढ्नुपर्ने र प्रजातान्त्रिक समूह पनि मिलेरै अघि बढ्छ भन्नुभयो ।

कार्यक्रममा पुरावेदन अदालत बार एशोसिएशन पोखराका अधिवक्ता डा. बलराम उपाध्याय रेग्मीले नेपालमा संघीय राज्य जति भएपनि जातको आधारमा हुन नहुने धारणा व्यक्त गर्दै यसमा कानून व्यवसायीले आवाज उठाउनुपर्ने बताउनुभयो । उहाँले वकीलहरूसंघ के क्षमता छ भनेर कानून सम्बन्धी संघसंस्थाले कहिल्यै नखोजेको गुनासो गर्दै नेपाल बार तथा जिल्ला बारहरूले वकीलहरूलाई तालिम तथा प्रशिक्षण दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

त्यस्तै अधिवक्ता शोभा पराजुलीले नेपाल बार एउटा छुट्टै पार्टी भएको अनुभूति सबैलाई भएकाले त्यसलाई त्यागदै सम्पूर्ण कानून व्यवसायीलाई एकजुट गराउन नेपाल बारले भूमिका खेल्नुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले कानून व्यवसायीले हाम्रा मान्छे होइन राम्रा मान्छे भनेर अघि बढ्न सुझाव समेत दिनुभयो ।

कार्यक्रममा डी.एल.ए. कास्कीका अध्यक्ष अधिवक्ता रोहितराज बाँस्तोला, पी.एल.ए.का. अध्यक्ष अधिवक्ता पदमपाणि देवकोटा, पी.पी.एल.ए.का अध्यक्ष अधिवक्ता टंकप्रसाद शर्मा, बार एशोसिएशनका अधिवक्ता वेदनाथ भण्डारी, अधिवक्ता हरिदास पोखरेल, जिल्ला बार कास्कीका अध्यक्ष अधिवक्ता कमल अर्याललगायतले नेपाल बारको गतिविधिप्रति आ-आफ्ना धारणा राख्नुभएको थियो ।

पुनरावेदन बारका अध्यक्ष तथा कार्यक्रमका सभापति अधिवक्ता मुकुन्दराज अर्यालले कानून व्यवसायीले कसैलाई लाखा र कसैलाई पाखा नगरी सबैलाई समान रुपले हेर्ने बताउँदै उहाँले भन्नुभयो–'कानून व्यवसायीको मन सफा र हरेक कार्यमा चुस्त दुरुस्त हुनुपर्छ ।'

यसैबीच कानून व्यवसायीले सो अघि पोखरामा अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थल निर्माणका लागि दवाव दिने उद्देश्यले ऱ्याली निकाल्नुका साथै अनशनलाई समेत ऐक्यवद्धता जनाएका थिए ।

## लोकतन्त्र



**आशा शाह**
नर्सिङ क्याम्पस, पोखरा

देश शोक मनाइरहेको देख्दा, लोकतन्त्र आएको बिर्से
आमाको आँशु पुछिएको बेला, इतिहासले पाना पल्टाएको
बिर्से

फेरि राणाशासन गएको दिन, सम्झँदा खुसी त लाग्छ हेर
नेपालको वर्तमान विचार गर्दा, दु:ख पनि संगसंगै लाग्छ हेर

लोकतन्त्र भनेर मात्र हुँदैन
सरकारी बिदामा बसेरमात्र, नेपालले हिमाल छुँदैन
मानिसहरूमा रहेको स्वतन्त्रता जति चोरिसकेको छ
यसलाई बचाउन आत्माले पनि त्याग गरिसकेको छ

लोकतन्त्र हुन्छ सफल र विशिष्ट
जब पाउँछ नेपालले संविधान र बन्छ आकृष्ट
त्यसपछि नै हुन्छ मानिस आत्मसन्तुष्ट र स्वतन्त्र
अनि बल्ल मनाउँछन् मानिस हृदय उचालेर लोकतन्त्र

## आमाको भनाइ



गोविन्द सिग्देल 'वैरागी'
पोखरा-१२, कास्की

कसैले पनि मान्दैन आज आमाको भनाई
भाइमा कल छ, उ लिन्छ सबै टुकुरा गराई ।
कसरी आज म लिन सक्छु भाइको सम्पत्ति
यस्तैमा मात्र लागिनै रहे गरेर बल जफ्ति ॥
॥१॥
मान्दैन आज कसैले पनि आमाले भनेको
यो बेला छैन कसैले पनि मनभित्र गुनेको ।
नेपाल आमा चिन्तित सधैं यो दशा देखेर
गरीब निम्ति पुछ्दछु आँसु कविता लेखेर ॥
॥२॥
दु:खीमा दु:खी, सुखीमा सुखी बनेर हुँदैन
आमाको काख सम्झनु एकै त्यो मन रुँदैन ।
विपक्ष आज बनेको हुँदा यो देश बनेन
आमाको मिठो अमृत बोली कसैले सुनेन ॥३॥

## ज्योतिष भविष्यवाणी साप्ताहिकका वार्षिक सदस्यहरू

मितिः २०६९/४/१ गतेदेखि

| क्र.सं. | सेवाग्राहीको नाम थर | ठेगाना | सम्पर्क फोन |
|---|---|---|---|
| १. | प्रकाश रेग्मी | पौवैगौंडे-१, स्याङ्जा | ९८४१७५८६६५ |
| २. | नविन गुरुङ | पोखरा-२, कास्की | ०६१-५२०३७६ |
| ३. | अञ्जन श्रेष्ठ | भिमाद-४, तनहुँ | ९८०३५३४१०८ |
| ४. | हिमा पौडेल | पोखरा-१७, कास्की | |
| ५. | टिकाराम पौडेल | पोखरा-१७, कास्की | |
| ६. | ओमबहादुर भडारी | | |
| ७. | कमला श्रेष्ठ | पृथ्वीचोक, पोखरा | |
| ८. | धर्मराज गुरुङ | पोखरा-२, कास्की | |
| ९. | दुर्गाप्रसाद सुवेदी | पोखरा-६, कास्की | |
| १०. | शिवप्रसाद सुवेदी | पोखरा-६, कास्की | |
| ११. | उदय गिरी | पोखरा-७, कास्की | ९८४६०५३४८७ |
| १२. | डिल्लीराम गिरी | धम्पुस-७, कास्की | ९८४६२६८७२९ |
| १३. | विवेक गिरी | धम्पुस-७, कास्की | ९८४६२६८७२९ |
| १४. | सीता बाँस्तोला | पोखरा-६, कास्की | ९८४६०५८८०४ |
| १५. | विवेक सुवेदी | रानीपौवा, पोखरा | ९८४६११५१२७ |
| १६. | मुक्तबहादुर गुरुङ | घनपोखरा-५, लमजुङ | ९८४६२४७५२५ |
| १७. | जीवन बराल | पोखरा-९, बसपार्क | ९८५६०३२५२१ |
| १८. | दिनेश पनेरु | शंकरपुर-३, रुपन्देही | ९८४७१९३८६२ |
| १९. | क्चन्द्रनारायण यादव | मैनाकडेरी-४, सप्तरी | ९८४७८९०८९९ |
| २०. | प्रकाश यादव | मैनाकडेरी-४, सप्तरी | ९८४६२६०६३० |
| २१. | होमनाथ दाहाल | कास्की | |
| २२. | कृष्ण जि.सी. | लेखफाँट-५, पर्वत | ९८४७७०३६०९ |
| २३. | शिवहरि सुवेदी | ढिकुरपोखरी-२, कास्की | ९८४६४१०७४० |
| २४. | कुमार भुजेल | दुलेडौंडा-३, तनहुँ | ९८४६०६८२७४ |
| २५. | निर्मला भुजेल | दुलेडौंडा-३, तनहुँ | ९८१५१३६११३ |
| २६. | कैलाश राना | पोखरा-१६, दीप | ९८४६०५८०७० |
| २७. | शम्भु कार्की | पोखरा-२, कास्की | ९८४६२२०२०२ |
| २८. | सुरेन्द्र प्रधानाङ्ग | पोखरा-३, कास्की | |
| २९. | अमृता रिमाल | शैनिकवस्ती, लेखनाथ | ९८४६०६०३५६ |
| ३०. | मनोजकुमार ठाकुर | कञ्चनपुर-२, सप्तरी | ९८४७८५२११५ |
| ३१. | हरि अधिकारी | पोखरा-१, कास्की | ९८४२८२५०७६ |
| ३२. | अमित विष्ट | पोखरा-६, लेकसाइड | ९८०४११८२३० |
| ३३. | विनोद पौडेल | | |
| ३४. | विमला अधिकारी | पर्वत | |
| ३५. | अरुणा भण्डारी | दमौली, तनहुँ | ९८४६०३८१३४ |
| ३६. | शान्ति पौडेल | पृथ्वीचोक, पोखरा | ९८४६०८७८२९ |
| ३७. | शाश्वत के.सी. | पोखरा | ०६१-४६०९७५ |
| ३८. | सूर्यांश के.सी. | पोखरा | ०६१-४६०९७५ |
| ३९. | सन्तोष भण्डारी | कालिका-३, कास्की | ९८४६०४८९३९ |
| ४०. | श्रीभद्र मराशिनी | भिमाद, तनहुँ | ९८४६५३११०७ |
| ४१. | जितेन्द्र थापा | पोखरा-११, कास्की | ९८४६१७६०५३ |
| ४२. | जीवन लामिछाने | लेखनाथ-७, कास्की | ०६१-५६१२३५ |
| ४३. | रवि लामिछाने | लेखनाथ-७, कास्की | ०६१-५६१२३५ |
| ४४. | दिलकुमारी गौतम | धिताल-५, कास्की | ९८४६३४३१३१ |
| ४५. | कालु गुरुङ | पाउँदुर, कास्की | |
| ४६. | सन्तोष गुरुङ | रिट्ठेपानी, कास्की | ९८०६५४५६१३ |
| ४७. | तेजप्रसाद वाग्ले | कियुँ-३, तनहुँ | ९८४६१२००७२ |
| ४८. | गीता भट्टराई वाग्ले | कियुँ-३, तनहुँ | ९८४६५१०७३८ |
| ४९. | युवराज अर्याल | अर्घाखाँची | ९८५७०२४६१९ |
| ५०. | अन्तिम गुरुङ | ल्वाङ्घलेल, कास्की | ९८०६५६४१२७ |
| ५१. | कान्तिपुर होटल ट्रेनिङ | चिप्लेढुङ्गा, पोखरा | |
| ५२. | अर्जुन ताम्राकार | पोखरा-४, कास्की | ९८४६०५४७३३ |
| ५३. | प्रवीन चापागाईं | सौराहा, चितवन | ९८४६३९२९३९ |
| ५४. | कृपा पन्त | व्यास-२, तनहुँ | |
| ५५. | अनिल गोदार | व्यास-२, तनहुँ | |
| ५६. | सुरेश ढुङ्गाना | लालबन्दी, सर्लाही | |
| ५७. | कृष्ण प्र. कोइराला | लेखनाथ-७, कास्की | |
| ५८. | सन्तोष कोइराला | लेखनाथ-७, कास्की | |
| ५९. | विमला कोइराला | लेखनाथ-७, कास्की | |
| ६०. | रामचन्द्र कोइराला | लेखनाथ-७, कास्की | |
| ६१. | देउमाया कोइराला | लेखनाथ-७, कास्की | |
| ६२. | धर्मराज लामिछाने | लेखनाथ-७, कास्की | |

## भगवान गणेशले...

पनि कमजोर छ। सके त सूर्य पुराणको कथा नै लगाउँदा राम्रो हुन्छ, आर्थिक दृष्टिकोणाले सकिन्न भने सूर्य पुराणको पुस्तक किनेर दान गर्नुहोस् छोरा हुन्छ' ज्योतिषी बाजेले बताए।

पोखरेली व्यवसायीलाई अरु ज्योतिषीमाथि विश्वास हटिसकेको रहेछ। जति ज्योतिषी भेट्यो हेराउँदै गर्दा जस्ले पनि छोरा हुन्छमात्र भनेछन् तर छोरा भएको रहेनछ। व्यवसायी पनि अब कम बाठो थिएनन्। उनले भने–'ज्योतिषीज्यू ! म तपाईंले भनेको काम सबै गर्छु तर मेरो ग्रह शान्तिको काम र मैले गरेको पुराणको पुस्तक दान तपाईंले नै लिनुपर्छ।' ज्योतिषीलाई अप्ठ्यारो लाग्यो। आँफैले यो–यो उपाय गरे छोरा हुन्छ भन्ने, दान पनि आफैले लिने हो भने त नैतिकसम्मत कुरा भएन। अशोकमानज्यू ! कुनै सत्पात्रलाई दान गर्नुहोस्, म आँफैले ज्योतिष परामर्श दिने, दान पनि आँफै लिने मलाई सुहाउँदो लागेन। अशोकमानले भने–'गणेश पुराण र सूर्य पुराण पुस्तक दान गरे छोरा हुन्छ भने म पनि तपाईंजस्तै सत्पात्रलाई दिन चाहन्छु, मेरो आस्थाको एकमात्र व्यक्ति तपाईं हो र अब कतै चिना हेराउन पनि जान्न, उपाय पनि गर्दिन।'

ती व्यवसायीको कट्टर आस्था देखेर पर्वते ज्योतिषीले गणेश पुराण र सूर्य पुराणको दान आँफू लिने स्वीकार गरे। पोखरेली अशोकमान धर्मको वैज्ञानिक परिणाम देख्न चाहन्थे भने पर्वते ज्योतिषीलाई पनि पुस्तक दान त लिइयो अशोकमानलाई छोरा भएन भने के होला ? मनमा कत्ति पनि चिन्ता लागेन। उनका मनले लगातार भन्यो–'अशोकमानलाई यथाशीघ्र पुत्र होस्।' नभन्दै केही महिनापछि अशोकमानको ज्यादै सुन्दर पुत्र जन्म्यो। ती ज्योतिषी पनि पोखरामा नै छन्। ती अशोकमानलाई पनि पोखराको महेन्द्रपुल छेउछाऊ गए भेट्न सकिन्छ।

पर्वते ज्योतिषीका सयौं ज्योतिष भविष्यवाणी पुग्दै गएका छन् सक्रिय सहयोग उनै भगवान गणेश र जगत जननी जगदम्वाकै कारण। ज्योतिषी र धार्मिक व्यक्तिसंग काम लिन्छ समाज गोप्य रुपमा सफलता प्रदान गर्नु हुन्छ भगवान श्री गणेश !

# प्रचण्डको शनि अढैया सकियो

✍ **युवा ज्यो. हरि पन्त**

**पोखरा** : एकीकृत ने.क.पा. माओवादी पार्टी तथा अध्यक्ष एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड धार्मिक एवं ज्योतिष सिद्धान्तमा कत्ति पनि विश्वास सायद गर्नुहुन्न।

यसै कारणले केही महिना अघि आफ्ना बुबाको स्वर्गारोहण हुँदा धार्मिक संस्कार अनुसार घाटमा गएर दाहसंस्कार त गर्नुभयो तर काजक्रियामा सहभागी नभएर। हुन पनि घाटमा गएर दागवत्ती दिई दाहसंस्कार गर्ने तर काजक्रिया नगर्नु सुन्तलाको बोटमा विश्वास गर्छु, फलेको सुन्तलामा विश्वास गर्दिन भनेजस्तो भयो। यस्तो कार्यले प्रचण्डले धेरै आलोचना खेप्नुपर्‍यो।

प्रचण्ड ज्योतिष सिद्धान्तमा पनि विश्वास गर्दिन भन्नुहुन्छ तर पूर्वमा गएर भैंसी पूजा गरेको समाचार सार्वजानिक भएको थियो। प्रचण्डले धार्मिक एवं ज्योतिषीय सिद्धान्तमा विश्वास नगरेपनि आकाशीय पिण्ड अनुसार उहाँमा रहने ग्रहहरू टाढा जान सक्दैनन्। जन्म–कुण्डली अनुसार प्रचण्ड बाहिर नास्तिक, भित्रि आत्मा नास्तिक नभएको प्रमाणित हुन्छ।

प्रचण्डको शनि उल्का ग्रह गत मंसिरदेखि सकिएको भएता पनि शनिकै अढैया ग्रह गत श्रावण २७ गतेदेखि सकिएको छ। यो संगै देशमा उथलपुथल भएको राजनीतिमा केही सुधार हुने देखिन्छ।

उहाँको वैशाख ३०, २०६९ बाट शुरु भएको अढैया शनि ग्रहका कारण संविधासभा विघटन भएको र यहि बीचमा कैयौं पटक फुटबाट जोगिंदै आएको एमाओवादी पार्टी समेत फुटेको ज्योतिष दृष्टिकोणमा स्पष्ट देखिन्छ। यसका साथै उहाँका पुत्र प्रकाशले समेत अर्को विवाह गर्दा सर्वत्र आलोचित हुनुका साथै पार्टीमा व्यापक आर्थिक अनियमितता भएको भन्दै गत महिनामा सम्पन्न विस्तारित बैठमा कार्यकर्ताबाटै आक्रमणको प्रयास भएको थियो।

उहाँको जन्म वि.सं. २०११ साल मंसिर २६ गते शनिबार हो। न्वारनको नाम छविलाल दाहाल हो। न्वारनको नाम अनुसार उहाँको मिथुन राशि र आद्रा नक्षत्र हुन्छ। उहाँको शनि अढैया सकिएपछि नेपालको राजनीतिमा केही सुधार हुने झिनो आशा पलाए पनि त्यतिधेरै आशा गरिहाल्ने अवस्था भने नभएको ज्योतिष दृष्टिकोणमा देखिन्छ। प्रचण्डको अहिले सिद्धा, शुक्र र बुध ग्रह चल्दै गरेको जन्मकुण्डीमा देखिन्छ।

## ज्योतिष...

छन् भने अन्य मुलुकका १२ हजार ४ सय ११ जना नागरिकले अध्ययन गरेको सो मोटिगो वेवस्ट्राटले जनाएको छ।

यसैबीच ज्योतिष भविष्यवाणी राष्ट्रिय साप्ताहिक अंग्रेजी संस्करण पनि अध्ययन गर्नेमा नेपाल नै अग्रपंक्तिमा रहेको वेवस्ट्राटले जनाएको छ।

जसअनुसार अंग्रेजी संस्करण पढ्ने पाठकको संख्या १९ हजार ३ सय ६२ रहेकोमा ३ हजार ६ सय ६४ जना नेपालीले अध्ययन गरेका छन्।

त्यसैगरी युनाइटेड स्टेट अमेरिकाका २ हजार ९ सय ८ जना, भारतका २ हजार ३ सय २१, युनाइटेड किङ्डमका १ हजार ९९, कतारका १ हजार ७२ जना पाठकले अध्ययन गरेका छन्। त्यस्तै युनाइटेड अरव इमिरेट्सका ८ सय ९६, जापानका ८ सय ९५, कोरियाका ८ सय ६६, आइसल्याण्डका ६ सय ७२, अस्ट्रेलियाका ५ सय ८४ र अन्य मुलुकका ४ हजार ३ सय ८५ जना पाठकले अध्ययन गरेको समेत वेवस्ट्राटले जनाएको छ।

ज्योतिष भविष्यवाणीको वेवसाइट संस्करण अंग्रेजी र नेपाली दुवै पढ्नेमा यसअघि अमेरिकी नागरिकको नै वर्चस्व रहँदै आएको थियो। केही महिना अघिदेखि अमेरिकी नागरिकलाई उछिन्दै नेपाली नागरिक अग्रस्थानमा आएका हुन्। यसले नेपालीहरूप्रति ज्योतिषको आस्था बढ्दै गएको संकेत गर्दछ।

## मंगलचौथीको...

पर्वत, बाग्लुङ, तनहुँका महिला व्रतालुहरू आउने गरेका छन्, पण्डित अधिकारी भन्नुहुन्छ–'भगवान गणेशजीको कृपाले विशेषगरी विवाहित महिलाले पुत्रलाभ, घरमा लक्ष्मीको वास, श्रीमानको समृद्धिसंगै दीर्घायुको कामना गर्छन् भने अविवाहित महिलाले असल श्रीमान् प्राप्तिका लागि गणेश भगवानको व्रतबसी पूजा गर्ने गर्दछन्।'

गणेश भगवानमाथि आस्था राख्दै व्रतगरी पूजा गर्ने महिलाको चाहना श्रीमान्को दीर्घायु र सन्तान तथा घरपरिवारमा सुख शान्तिको साथमा उन्नति–प्रगतिको कामना गर्ने गर्दछन्। यसमा महिलाले आफ्ना लागि भगवानसंग खासै केही पुकार गरेको पाईंदैन।

यसैक्रममा गत मंगलबार परेको मंगलचौथीको दिनमा पोखराको विन्ध्यवासिनी मन्दिरमा पूजा गर्न आउनुभएकी पोखरा लेकसाइडकी रेखा ढुङ्गाना विशेषगरी श्रीमान्को समृद्धि र दीर्घायुको कामना गर्दै विगत ५/६ वर्षदेखि व्रतबसी भगवान गणेशको पूजा गर्दै आएको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ–'श्रीमान्को दीर्घायुसंगै घरमा सुख शान्ति, बालबच्चाको उन्नति–प्रगतिको कामनाका साथै देशमा पनि शान्ति फैलियोस भन्ने कामना गरें।'त्यस्तै पोखरा जिरो कि.मि.की शिवकुमारी के.सी.को भनाई पनि उस्तै छ। उहाँ भन्नुहुन्छ–'घरमा सुख शान्ति, श्रीमानको दीर्घायु र सन्तानको उन्नति–प्रगतिको कामना गर्दै विगत १३ वर्षदेखि भगवान गणेशको व्रतपूजा गर्दै आइरहेको छु।' गणेश भगवानको पूजा गर्नाले आफ्नो मनमा शान्ति मिल्नुका साथै विश्वमा शान्ति फैलियोस् भन्ने चाहना रहेको उहाँको भनाइ छ।

त्यसैगरी श्रीमान्को दीर्घायु, सन्तानको उन्नति–प्रगति र घरपरिवार तथा माइतीमा समेत सुख शान्ति मिलोस् भन्ने कामनाले गणेश भगवानको व्रतगरी पूजा गरेको कास्की हेमजाकी भावना सुवेदीको भनाइ छ।

# सफल व्यक्तिका सूत्रहरू

अधिवक्ता डा. बलराम उपाध्याय रेग्मी

१. उन्नति–प्रगति गर्नका लागि सर्वप्रथम समयको सही उपयोग गर्ने बानी हुनुपर्दछ।
२. समयको सही उपयोग गर्ने हो भने बिहानदेखि बेलुकीसम्म सम्भव भएसम्म सबै काम आँफैले गर्ने बानी हुनुपर्छ।
३. शतप्रतिशत जीवनमा पूर्ण सफलता चाहने व्यक्ति बिहान ४ बजे उठेर आफ्नो व्यक्तिगत स्नान, सन्ध्या, पूजा पाठ जे गर्ने धार्मिक बानी छ त्यो बिहान ६ बजेभित्रैमा गरि सक्नुपर्दछ।
४. बिहान ६ बजेदेखि ७ बजेभित्र आधुनिक व्यक्तिले रेडियो, पत्रपत्रिका, टि.भि. सुन्ने, हेर्ने बानी अनिवार्य गर्नुपर्दछ अन्यथा सूचनाको क्षेत्रमा बासी भइन्छ।
५. बिहान ७ बजेदेखि ९ बजे पत्रकार, लेखक, कवि, व्यक्तित्वले सक्रिय साहित्यिक लेखनमा बिताउनु पर्दछ।
६. आजीवन स्वस्थ रहने हो भने बिहानको खाना ठीक ९:३० बजे खाईसक्नु पर्दछ।
७. बिहान ठीक १० बज्न ५ मिनट छँदा कार्यालयमा पुग्ने बानी र दिनमा व्यक्तिगत काममा नलागि कार्यालयकै काममा सक्रिय लाग्ने बेलुकी ५ बजेर ५ मिनेटमा कार्यालय छोड्ने व्यक्ति विशिष्ट कर्मचारी हुन्छ। दिनमा चिया पिउने बाहनामा घण्टौं हराउने कर्मचारी काम चोर हो।
८. जो व्यक्ति ठीक समयमा आफ्नो ड्युटीमा उपस्थित हुँदैन त्यो व्यक्तिसंग रोजगार दाता, सेवाग्राही कुनै पनि व्यक्ति खुसी हुँदैनन्। कर्मचारीको प्रमोशनमा पहिलो दाँतमा ढुङ्गा यहि हुने गर्छ।
९. जो कर्मचारी छ जुनसुकै बाहनामा अर्काले गरेको फोन उठाउँदैन भने त्यो व्यक्ति पनि इमान्दार होइन।
१०. जो सेवाग्राही व्यक्ति सेवा दिने ठाउँमा गएर बिना प्रसङ्ग हाँस्छ, बिना मत्लव कच्–कच् गर्छ, सकेसम्म बटारेर कुरा गर्छ त्यो व्यक्तिलाई खराब दशाले कहिल्यै छोड्दैन।
११. जो कर्मचारी फोन गर्दा उठाउँदैन, आउँछु भनेको समयमा आउँदैन, आँफूले ठीक समयमा गर्नुपर्ने ड्युटी नगरेर आँफू र अर्काको समय बर्वाद पार्छ उसलाई मानिस त कुरै छाडौं भगवानले चाहे पनि टिकाउन सक्दैनन्।
१२. आफ्नो पेशामा कुनै व्यक्ति सानो ठूलो हुँदैन। सबैको सहयोग आवश्यक पर्ने भएपछि कसैसंग सेवा लिन पनि चाहने सेवा दिने व्यक्ति कहाँ जान पनि लाज मान्ने त्यस्ता व्यक्तिलाई सेवा नदिंदा पाप लाग्दैन। सेवा दिन पनि हुन्न।
१३. कुनै सिप, कुनै काम जानेको छु भन्दैमा म नभए यसको काम हुँदैन भनेर कुनै व्यक्ति घमण्डी बन्छ भने उसको जागीरको आयू हुँदैन।
१४. गर्न न नसक्ने काम गर्छु भनेर बोल्नु भन्दा काम गरि देखाइदिनु धेरै वेश हुन्छ।
१५. दिनमा ठीक १२ देखि १ बजेबीच जो कसैले पनि कुनै काम लिनु दिनु परिणाम सधैं खराब हुन्छ।
१६. जो व्यक्ति दिनमा ३ पटक गायत्री मन्त्रको जप गर्दछ। बिहान ६ बजेभित्र, दिनमा ठीक १ देखि २ बजेबीच, साँझ सूर्य अस्ताएपछि त्यो व्यक्तिको आत्मबल, स्मरण शक्ति, सदा सर्वदा उच्चस्तरको हुने गर्दछ।
१७. सधैं स्वस्थ रहन चाहने व्यक्ति रातमा १० बजेर ३० मिनट भन्दा ढिलो सुत्नु हुँदैन।
१८. बिहान ९:३० बजे बिहानको खाना, दिनमा २:३० देखि ३ बजेबीच नास्ता, साँझको खाना सूर्य अस्ताउनु भन्दा १५ मिनट पहिला खाइसक्ने व्यक्तिलाई रोगले आक्रमण गर्न सक्दैन।
१९. खाना पकाउने व्यक्ति खाने व्यक्तिसंग खुसी छैन भने त्यस्ता व्यक्तिले पकाएको खाना खानुभन्दा नखानु धेरै वेश।
२०. जो व्यक्ति खाना खाएर आफ्ना भाँडा आँफै माज्ने गर्दछ उस व्यक्तिलाई जसले पनि बास बस्न दिन्छ, जहाँ पनि गाँस र बास पाइन्छ, खाना दियो भाँडा जूठै छोड्ने व्यक्ति समाजमा राम्रो व्यक्ति मानिंदैन।
२१. आँफूले कमाउन पनि नपर्ने, लोग्नेले ल्याइदिएको वस्तु बनाएर खुवाउन पर्दा गजक्क पर्ने, कच्–कच् गर्ने, खानामा ढुंगा, माटो, रौं मिसिएकोलाई मत्लव नै नगर्ने त्यस्ता श्रीमती पूर्व जन्मका साहू हुन्। त्यस्ता श्रीमती भएको घर जिउँदै नर्क हो।
२२. घरकी लक्ष्मी महिला, श्रीमती, छोरीलाई राम्रोसंग इज्जत नगरेर जाँड, रक्सी पिई गनाएर आउने घरमा सबै माँझ सिग्रेटको धूँवा उडाउने, जे पायो त्यहि गाली गर्ने व्यक्तिको घर पनि नर्क हो
२३. जो व्यक्ति एक्लै बस्ने गर्छ उसले स–परिवार बस्ने व्यक्तिभन्दा शत्प्रतिशत ज्यादा उन्नति–प्रगति गर्दछ।
२४. जो विद्यार्थी आँफै कमाई गरेर पढ्दछ त्यो परीक्षामा द्वितीय श्रेणीमा भए पनि व्यवहारिक जीवनमा प्रथम श्रेणीको हुन्छ। जो व्यक्ति अर्काको कमाइले पढ्छ उ परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण भए पनि जीवनमा दोस्रो रेटको हुन्छ।
२५. श्रीमान्को राम्रो स्वभाव अनुसार चल्न नसक्ने श्रीमती र श्रीमानको ईच्छा अनुसार नचल्ने श्रीमतीले संगै बस्नु भन्दा बेलैमा अलग बस्ने गरे धेरै वेश।
२६. जो व्यक्ति एउटी महिलासंग विवाह गरेर उसको ईच्छा आकांक्षा र राम्रा कुरालाई स्वीकार्दै ईज्जतपूर्वक खान लाउन दिन सक्दैन भने त्यस्ता श्रीमान्लाई श्रीमतीले छाडेर अर्कै व्यक्तिसंग दोस्रो विवाह गर्नु धेरै जाति।
२७. श्रीमान् श्रीमती एकैसाथ बसेर पनि विद्वान श्रीमानको बानी, व्यहोरासंग घुलमिल गरेर श्रीमानको विचार अनुसार नचल्ने श्रीमती बेइमान हो।
२८. बाहिर एकल महिला, एकल पुरुष भित्र–भित्र धेरै पुरुष, धेरै महिलासंग अनैतिक कार्य गर्दै हिंड्ने व्यक्तिलाई अर्को विवाह गर्ने छुट दिनुपर्छ। कुनै एकल हुँदैन, बेश्यावृति स्वतः बन्द हुन्छ। यस्तो व्यवस्थालाई न स्वीकार्ने समाज अपराधी हो।
२९. कानून समाज अनुकूल हुनुपर्छ तवमात्र आम व्यक्तिले पालन गर्छन्। समाज एकातिर कानून अर्कोतिर हुनुको परिणाम हो 'रुल अफ ल' बाट राज्य संचालन नहुनु।
३०. उत्तम कानून त्यै हो जो व्यक्ति, समाजको कटु आवश्यकतालाई परिपूर्ति गर्दै धर्मबाट निर्देशित होस्। धर्म विनाको कानून र राजनीति विष नभएका सर्प हुन्।
३१. आँफूलाई जे कुरा सुन्दा चित्त दुख्छ, जस्तो व्यवहार गर्दा दिल रुन्छ, दिमाग खलबलिन्छ त्यस्तो व्यवहार कुरा काट्ने काम, अरुको पनि गर्नु हुँदैन। लिनेले दिन पनि जान्नुपर्छ तबमात्र सामाजिक व्यक्तित्व भइन्छ अन्यथा स्वार्थी व्यक्ति।
३२. आँफू पनि आजीवन आफ्नो पेशा गरी नबाँच्ने, जोसंग बसिन्छ उसको उन्नति–प्रगतिमा सधैं बाधा पार्ने व्यक्तिलाई बेलैमा छोडिदिएन भने आँफू पनि मूर्ख हो।

प.क्षे.हु.नि.द.नं. १/२०६९, कास्की, झापा, इलाम, सुनसरी, मोरङ, काठमाडौं, तनहुँ, पर्वत, बाग्लुङ, चितवन, स्याङ्जा, कैलाली, नवलपरासी, रुपन्देहीका हुलाकबाट समेत पत्रिका वितरण हुनेछ ।


# साप्ताहिक दैनिक शुभ समय कार्य तालिका

ज्यो.डा.बलराम उपाध्याय रेग्मी

| | |
|---|---|
| बिहीबार<br>२०६९/५/२१<br>Sep.6, 2012 | बिहान ५:४५ बजेदेखि ७:१५ बजेसम्म शुभ/बिहान ७:१५ बजेदेखि ८:४५ बजेसम्म रोग/बिहान ८:४५ बजेदेखि १०:१५ बजेसम्म उद्वेग/बिहान १०:१५ देखि ११:४५ बजेसम्म चर/बिहानमा ११:४५ देखि दिनमा १:१५ बजेसम्म लाभ/दिनमा १:१५ बजेदेखि २:४५ बजेसम्म अमृत/दिनमा २:४५ देखि ४:१५ बजेसम्म काल/बेलुकी ४:१५ देखि ५:४५ बजेसम्म शुभ । |
| शुक्रबार<br>२०६९/५/२२<br>Sep.7, 2012 | बिहान ५:४६ बजेदेखि ७:१६ बजेसम्म चर/बिहान ७:१६ बजेदेखि ८:४६ बजेसम्म लाभ/बिहान ८:४६ बजेदेखि १०:१६ बजेसम्म अमृत/बिहान १०:१६ देखि ११:४६ बजेसम्म काल/बिहानमा ११:४६ देखि दिनमा १:१६ बजेसम्म शुभ/दिनमा १:१६ बजेदेखि २:४६ बजेसम्म रोग/दिनमा २:४६ देखि ४:१६ बजेसम्म उद्वेग/बेलुकी ४:१६ देखि ५:४६ बजेसम्म चर । |
| शनिबार<br>२०६९/५/२३<br>Sep.8, 2012 | बिहान ५:४६ बजेदेखि ७:१६ बजेसम्म काल/बिहान ७:१६ बजेदेखि ८:४६ बजेसम्म शुभ/बिहान ८:४६ बजेदेखि १०:१६ बजेसम्म रोग/बिहान १०:१६ देखि ११:४६ बजेसम्म उद्वेग/बिहानमा ११:४६ देखि दिनमा १:१६ बजेसम्म चर/दिनमा १:१६ बजेदेखि २:४६ बजेसम्म लाभ/दिनमा २:४६ देखि ४:१६ बजेसम्म अमृत/बेलुकी ४:१६ देखि ५:४६ बजेसम्म काल । |
| आइतबार<br>२०६९/५/२४<br>Sep.9, 2012 | बिहान ५:४७ बजेदेखि ७:१७ बजेसम्म **उद्वेग**/बिहान ७:१७ बजेदेखि ८:४७ बजेसम्म **चर**/बिहान ८:४७ बजेदेखि १०:१७ बजेसम्म **लाभ**/बिहान १०:१७ देखि ११:४७ बजेसम्म **अमृत**/बिहानमा ११:४७ देखि दिनमा १:१७ बजेसम्म **काल**/दिनमा १:१७ बजेदेखि २:४७ बजेसम्म **शुभ**/दिनमा २:४७ देखि ४:१७ बजेसम्म **रोग**/बेलुकी ४:१७ देखि ५:४७ बजेसम्म **उद्वेग** । |
| सोमबार<br>२०६९/५/२५<br>Sep.10, 2012 | बिहान ५:४७ बजेदेखि ७:१७ बजेसम्म **अमृत**/बिहान ७:१७ बजेदेखि ८:४७ बजेसम्म **काल**/बिहान ८:४७ बजेदेखि १०:१७ बजेसम्म **शुभ**/बिहान १०:१७ देखि ११:४७ बजेसम्म रोग/बिहानमा ११:४७ देखि दिनमा १:१७ बजेसम्म **उद्वेग**/दिनमा १:१७ बजेदेखि २:४७ बजेसम्म चर/दिनमा २:४७ देखि ४:१७ बजेसम्म लाभ/बेलुकी ४:१७ देखि ५:४७ बजेसम्म अमृत । |
| मंगलबार<br>२०६९/५/२६<br>Sep.11, 2012 | बिहान ५:४७ बजेदेखि ७:१७ बजेसम्म रोग/बिहान ७:१७ बजेदेखि ८:४७ बजेसम्म उद्वेग/बिहान ८:४७ बजेदेखि १०:१७ बजेसम्म चर/बिहान १०:१७ देखि ११:४७ बजेसम्म लाभ/बिहानमा ११:४७ देखि दिनमा १:१७ बजेसम्म अमृत/दिनमा १:१७ बजेदेखि २:४७ बजेसम्म काल/दिनमा २:४७ देखि ४:१७ बजेसम्म शुभ/बेलुकी ४:१७ देखि ५:४७ बजेसम्म रोग । |
| बुधबार<br>२०६९/५/२७<br>Sep.12, 2012 | बिहान ५:४८ बजेदेखि ७:१८ बजेसम्म **लाभ**/बिहान ७:१८ बजेदेखि ८:४८ बजेसम्म **अमृत**/बिहान ८:४८ बजेदेखि १०:१८ बजेसम्म **काल**/बिहान १०:१८ देखि ११:४८ बजेसम्म **शुभ**/बिहानमा ११:४८ देखि दिनमा १:१८ बजेसम्म **रोग**/दिनमा १:१८ बजेदेखि २:४८ बजेसम्म **उद्वेग**/दिनमा २:४८ देखि ४:१८ बजेसम्म **चर**/बेलुकी ४:१८ देखि ५:४८ बजेसम्म **लाभ** । |

# साप्ताहिक रात्रि शुभ समय कार्य तालिका

| | |
|---|---|
| बिहीबार<br>२०६९/५/२१<br>Sep.6, 2012 | बेलुकी ५:४५ बजेदेखि ७:१५ बजेसम्म **शुभ**/साँझ ७:१५ बजेदेखि ८:४५ बजेसम्म **रोग**/राति ८:४५ बजेदेखि १०:१५ बजेसम्म **उद्वेग**/राति १०:१५ देखि ११:४५ बजेसम्म **चर**/राति ११:४५ देखि १:१५ बजेसम्म **लाभ**/राति १:१५ बजेदेखि २:४५ बजेसम्म **अमृत**/राति २:४५ देखि ४:१५ बजेसम्म **काल**/बिहानमा ४:१५ देखि ५:४५ बजेसम्म **शुभ** । |
| शुक्रबार<br>२०६९/५/२२<br>Sep.7, 2012 | बेलुकी ५:४६ बजेदेखि ७:१६ बजेसम्म **चर**/साँझ ७:१६ बजेदेखि ८:४६ बजेसम्म **लाभ**/राति ८:४६ बजेदेखि १०:१६ बजेसम्म **अमृत**/राति १०:१६ देखि ११:४६ बजेसम्म **काल**/राति ११:४६ देखि १:१६ बजेसम्म **शुभ**/राति १:१६ बजेदेखि २:४६ बजेसम्म **रोग**/राति २:४६ देखि ४:१६ बजेसम्म **उद्वेग**/बिहानमा ४:१६ देखि ५:४६ बजेसम्म **चर** । |
| शनिबार<br>२०६९/५/२३<br>Sep.8, 2012 | बेलुकी ५:४६ बजेदेखि ७:१६ बजेसम्म **काल**/साँझ ७:१६ बजेदेखि ८:४६ बजेसम्म **शुभ**/राति ८:४६ बजेदेखि १०:१६ बजेसम्म **रोग**/राति १०:१६ देखि ११:४६ बजेसम्म **उद्वेग**/राति ११:४६ देखि १:१६ बजेसम्म **चर**/राति १:१६ बजेदेखि २:४६ बजेसम्म **लाभ**/राति २:४६ देखि ४:१६ बजेसम्म **अमृत**/बिहानमा ४:१६ देखि ५:४६ बजेसम्म **काल** । |
| आइतबार<br>२०६९/५/२४<br>Sep.9, 2012 | बेलुकी ५:४७ बजेदेखि ७:१७ बजेसम्म **उद्वेग**/साँझ ७:१७ बजेदेखि ८:४७ बजेसम्म **चर**/राति ८:४७ बजेदेखि १०:१७ बजेसम्म **लाभ**/राति १०:१७ देखि ११:४७ बजेसम्म **अमृत**/राति ११:४७ देखि १:१७ बजेसम्म **काल**/राति १:१७ बजेदेखि २:४७ बजेसम्म **शुभ**/राति २:४७ देखि ४:१७ बजेसम्म **रोग**/बिहानमा ४:१७ देखि ५:४७ बजेसम्म **उद्वेग** । |
| सोमबार<br>२०६९/५/२५<br>Sep.10, 2012 | बेलुकी ५:४७ बजेदेखि ७:१७ बजेसम्म **अमृत**/साँझ ७:१७ बजेदेखि ८:४७ बजेसम्म **काल**/राति ८:४७ बजेदेखि १०:१७ बजेसम्म **शुभ**/राति १०:१७ देखि ११:४७ बजेसम्म **रोग**/राति ११:४७ देखि १:१७ बजेसम्म **उद्वेग**/राति १:१७ बजेदेखि २:४७ बजेसम्म **चर**/राति २:४७ देखि ४:१७ बजेसम्म **लाभ**/बिहानमा ४:१७ देखि ५:४७ बजेसम्म **अमृत** । |
| मंगलबार<br>२०६९/५/२६<br>Sep.11, 2012 | बेलुकी ५:४७ बजेदेखि ७:१७ बजेसम्म **रोग**/साँझ ७:१७ बजेदेखि ८:४७ बजेसम्म **उद्वेग**/राति ८:४७ बजेदेखि १०:१७ बजेसम्म **चर**/राति १०:१७ देखि ११:४७ बजेसम्म **लाभ**/राति ११:४७ देखि १:१७ बजेसम्म **अमृत**/राति १:१७ बजेदेखि २:४७ बजेसम्म **काल**/राति २:४७ देखि ४:१७ बजेसम्म **शुभ**/बिहानमा ४:१७ देखि ५:४७ बजेसम्म **रोग** । |
| बुधबार<br>२०६९/५/२७<br>Sep.12, 2012 | बेलुकी ५:४८ बजेदेखि ७:१८ बजेसम्म **लाभ**/साँझ ७:१८ बजेदेखि ८:४८ बजेसम्म **अमृत**/राति ८:४८ बजेदेखि १०:१८ बजेसम्म **काल**/राति १०:१८ देखि ११:४८ बजेसम्म **शुभ**/राति ११:४८ देखि १:१८ बजेसम्म **रोग**/राति १:१८ बजेदेखि २:४८ बजेसम्म **उद्वेग**/राति २:४८ देखि ४:१८ बजेसम्म **चर**/बिहानमा ४:१८ देखि ५:४८ बजेसम्म **लाभ** । |

# तपाईंको यो हप्ता

*ज्यो. सीता रेग्मी*
*(ज्योतिष डिप्लोमा)*
*ज्योतिष भविष्यवाणी परामर्श केन्द्र*
*मोवाइलः ९८४६२१८८१५*

(भाद्र २१ गते बिहीबारदेखि भाद्र २७ गते बुधबारसम्म)
(From Sep. 6, 2012 to Sep. 13, 2012)

१. मेषः तपाईंलाई यो हप्ता धन प्राप्तिका अवसरहरू मिल्ने, मानसिक शान्ति र आराम मिल्ने, पारिवारिक सहयोग पाइने, सबै काम सुखैका साथ सम्पन्न गरिनेछ । यश, कीर्ति बढ्ने कार्यमा लगानी गरिने, शत्रूसँगको विवादमा आफ्नो जीत हुनेछ भने हप्ताको अन्त्यमा जुनसुकै काममा विघ्नबाधा, मनमा अशान्ति, यात्रामा विघ्नबाधा, वायूरोग, खानामा गडबडी हुन सक्नेछ ।

२. वृषः तपाईंलाई यो हप्ताको शुरुमा मानसिक असन्तोष, आँखामा कष्ट, धनहानी, हप्ताको मध्यमा स्वास्थ्यमा सुधार, आदर-सत्कार पाइने, पारिवारिक सहयोग राम्रो पाइने, नयाँ प्रकारको भोजन प्राप्ति हुनेछ भने हप्ताको अन्त्यतिर भने मानसिक चिन्ता, मानहानी, आफन्तसँग विरोध पर्ने, जताबाट पनि खर्चमात्रै ज्यादा हुनेछ ।

३. मिथुनः तपाईंका लागि यो हप्ता प्रारम्भमा स्वास्थ्य ठीकठाक, प्रशन्नता, आय आर्जनका स्रोतहरू फेला पर्ने, सबै प्रकारको काममा सफलता, हप्ताको मध्यमा मानसिक असन्तोष, आँखामा कष्ट, धनहानी हुन सक्नेछ भने पछिल्ला दिनमा स्वास्थ्य राम्रो, आदर-सत्कार पाइने, घरमा पारिवारिक सहयोग राम्रो पाइने, भोज भतेरमा सहभागी हुन पाइनेछ ।

४. कर्कः तपाईंका लागि यो हप्ता स्वास्थ्य राम्रो, आदर-सत्कार पाइने, घरमा पारिवारिक सहयोग पाइने, नयाँ प्रकारको भोजन मिल्नेछ । हप्ताको मध्यतिर मानसिक चिन्ता, मानहानी, आफन्तसँग विरोध पर्ने, जताबाट पनि खर्चमात्रै ज्यादा हुनेछ भने पछिल्ला दिनहरूमा केही सुधार हुने देखिन्छ । समयको सही सदुपयोग गर्नुहोला ।

५. सिंहः तपाईंको यो हप्ता छोराछोरीसँग विवाद, व्यापार व्यवसायमा हानी, पेट रोग लाग्ने, कुनै रोगले दुःख दिने, खाना नपच्ने, कुनै व्यक्तिसँग विवादमा परिने, जताबाट पनि नोक्सान मात्रै हुनेछ भने हप्ताको अन्त्यतिर भने केही सुधार हुँदै धन आउने, मानसिक शान्ति र आराम मिल्नेछ ।

६. कन्याः यो हप्ता तपाईंलाई एक्कासी रोग लाग्ने, खाना नपच्ने, कुनै व्यक्तिसँग झगडा पर्ने, जताबाट पनि नोक्सान मात्रै पर्नेछ । हप्ताको मध्य अथवा आइतबार, सोमवारतिर धन आउने, मानसिक शान्ति र आराम मिल्ने, पारिवारिक सहयोग राम्रै पाइने, सबै काम सुखैका साथ सम्पन्न गरिनुका साथै साताको अन्त्यतिर पनि समय शुभ नै हुने देखिन्छ ।

७. तुलाः तपाईंका लागि यो हप्ता शुरुमा एक्कासी आम्दानी बढ्ने, जमिन किनबेचमा लाभ, मित्रजनसँग भेट, जताबाट पनि हर्ष र खुशीका खबरमात्रै पाइने, स्वास्थ्य राम्रो रहनेछ । हप्ताको मध्यतिर आँटेका कामहरूमा असफलता, सोचेजतिका सबै कामहरूमा विघ्नबाधा पर्नेछ भने साताको अन्त्यतिरको समय खराब रहनेछ, सतर्क हुनुहोला ।

८. वृश्चिकः तपाईंलाई यो हप्ता धन प्राप्तिका अवसरहरू मिल्ने, मानसिक शान्ति र आराम मिल्ने, पारिवारिक सहयोग पाइने, सबै काम सुखैका साथ सम्पन्न गरिनेछ । लाभका स्रोतहरू फेला पर्ने, स्वास्थ्य राम्रो, धन प्राप्ति, यश, कीर्ति बढ्ने कार्यमा लगानी गरिने, घरमा नयाँ कार्यक्रम हुने, शत्रूसँगको विवादमा आफ्नो जीत हुनेछ भने हप्ताको अन्त्यमा समय अत्यन्तै खराब भएर जानेछ, हरेक कार्य गर्दा सतर्कता आवश्यक छ ।

९. धनुः तपाईंलाई यो हप्ता कुनै व्यक्तिसँग विवादमा परिने, मन चञ्चल रहने, कार्यमा विघ्नबाधा आइलाग्ने, अकस्मात रोग लाग्ने, मन परेको खानामा अवरोध, कुनै चिन्ता पर्ने समाचार सुन्नुपर्ने, हप्ताको अन्त्यतिर स्वास्थ्यमा सुधार, प्रशन्नता, धन प्राप्तिका मार्गहरू फेला पर्ने, सबै प्रकारको काममा सफलता मिल्नेछ भने मानसिक असन्तोष, आँखामा कष्ट पनि हुन सक्नेछ ।

१०. मकरः तपाइको यो हप्ता जुनसुकै काममा बाधा, मनमा अशान्ति, यात्रामा विघ्नबाधा, वायूरोग, खानामा गडबडी, कुनै शोक पर्ने समाचार सुन्नुपर्ने, आफन्त व्यक्तिसँग झगडा हुने, मन चञ्चल रहने, पेट वा कम्मर दुख्ने, शूल, मन परेको खानामा कुनै अवरोध भएता पनि हप्ताको अन्त्यतिर समय सुधार हुँदै जानेछ, समयको सही उपयोग गर्नुहोला ।

११. कुम्भः तपाईंका लागि यो हप्ता धन प्राप्तिका अवसरहरू मिल्ने, मानसिक शान्ति र आराम मिल्ने, पारिवारिक सहयोग पाइने, सबै काम सुखैका साथ सम्पन्न गरिनेछ । लाभका स्रोतहरू फेला पर्ने, स्वास्थ्य राम्रो, धन प्राप्ति, यश, कीर्ति बढ्ने कार्यमा लगानी गरिने, घरमा नयाँ कार्यक्रम हुने, शत्रूसँगको विवादमा आफ्नो जीत हुनेछ भने हप्ताको अन्त्यमा समय खराब रहनेछ ।

१२. मीनः तपाईंलाई यो हप्ता आफन्त व्यक्तिसँग विवाद पर्ने, मन चञ्चल रहने, कार्यक्रममा विघ्नबाधा आइपर्ने, पेट वा कम्मर दुख्ने, वायूरोग, शूल, मन परेको खानामा कुनै अवरोध, कुनै चिन्ता पर्ने समाचार सुन्नुपर्ने, यात्रामा विघ्नबाधा हुनेछ भने हप्ताको अन्त्यतिर समय शुभ हुनेछ ।

## साप्ताहिक साहित

भाद्र २१, २०६९ बिहीबार – उत्तर र पूर्व दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
भाद्र २२, २०६९ शुक्रबार – पूर्व र दक्षिण दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
भाद्र २३, २०६९ शनिबार – दक्षिण दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
भाद्र २५, २०६९ आइतबार – पूर्व र दक्षिण दिशाको यात्रामात्रै शुभ रहेको छ ।
भाद्र २६, २०६९ सोमबार – दक्षिण र पश्चिम दिशाको यात्रामात्रै शुभ रहेको छ ।
भाद्र २७, २०६९ मंगलबार – दक्षिण र पश्चिम दिशाको मात्र यात्रा शुभ रहेको छ ।
भाद्र २८, २०६९ बुधबार – पश्चिम दिशाको मात्र यात्रा शुभ रहेको छ ।

## दैनिक राहुकाल समय

आइतबार बेलुकी ४।३० देखि ६ बजेसम्म राहुकाल रहनेछ ।
सोमबार बिहान ७।३० देखि ९ बजेसम्म राहुकाल रहनेछ ।
मंगलबार दिनमा ३ देखि ४।३० बजेसम्म राहुकाल रहनेछ ।
बुधबार दिनमा १२ देखि १।३० बजेसम्म राहुकाल रहनेछ ।
बिहीबार दिनमा १।३० देखि ३ बजेसम्म राहुकाल रहनेछ ।
शुक्रबार बिहान १०।३० देखि १२ बजेसम्म राहुकाल रहनेछ ।
शनिबार बिहान ९ देखि १०।३० सम्म राहुकाल रहनेछ ।
*(माथि तोकिएको समयमा गरिएको कुनै पनि कार्य सफल हुनेछैन ।)*

संस्थापक/प्रधान सम्पादक/प्रकाशक-ज्योतिष शिरोमणि डा.बलराम उपाध्याय रेग्मी, फोन/फ्याक्स नं.+977-61-540347, Mobile 00977-9856020914, ९८५६०३०९१४
प्रमुख व्यवस्थापक-सुनिता रेग्मी/ज्यो.सुश्री सीता रेग्मी, व्यवस्थापक-ज्यो.सन्तोष रेग्मी, ज्यो.प्रदीप रेग्मी, ज्यो.मधु रेग्मी, ज्यो.आनन्द रेग्मी, कानुनी सल्लाहकार अधिवक्ता श्री प्रेमबहादुर खड्का/अध्यक्ष नेपाल बार एशोसियशन, मानार्थ प्रबन्ध निर्देशक-रामनाथ अधिकारी 'संगी', आजीवन संरक्षकः ज्यो.प्रेमकुमारी गुरुङ, कम्प्यूटर सेटिङः ज्यो.भ.डेक्स, केन्द्रीय स्थायी कार्यालयः खुर्कोट-४ पर्वत, धौलागिरि, नेपाल/पश्चिमाञ्चल कार्यालयः पो.ब.नं.२०७, अर्चलबोटचोक, पोखरा-२, कास्की, नेपाल/पूर्वाञ्चल कार्यालय : बिराटनगर-१६,मोरङ्ग, कोशी अञ्चल
**E-mail: jbweekly@fewanet.com.np, website: www.jbweekly.com,** मुद्रक-तनहुँ अफसेट प्रेस, नयाँबजार, पोखरा, फोन : ०६१-५२२४२८,९८४६०९४०२० web hosting : pokharacity.com